छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com



मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न :

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔँ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौँ।
- माटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तीले नियमित स्वास्थ्य परीक्षण गरौँ।
- धुम्रपान र मद्यपान नगरौँ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष २६ •अंक ६२ • २०८१ साल साउन ५ गते शनिबार (20 July, Saturday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-


# सिमलताल दुर्घटनामा मधेश सरकारको दायित्वविहीनता

**टुडे समाचारदाता**

जनकपुरधाम । मानवीय संवेदनासंग जोडिएको सीमलतालको कहाली लाग्दो त्रासदीय घटनाप्रति मधेश प्रदेश सरकारले खासै चासो नराखेको देखिएको छ।

सो घटनामा मधेश प्रदेशको वीरगञ्ज र गौरबाट संचालन हुँदै आएको रात्रि सेवाकालीन बस सीमलताल दुर्घटनामा परी विलीन भएको करिब एक साता वितिसके पनि घटनास्थलमा पुगेर स्थलगत अनुगमन गरी वास्ताविक बुझ्नुभन्दा पनि विपद् कोषबाट रकम दिइएको मिडियावाजी गरेर आफ्नो दायित्वबाट पञ्छिन खोजेको पीडित परिवारजनको आरोप छ।

वीरगञ्ज र गौरबाट संचालन हुँदै आएको सो बसमा बारा, रौतहट र पर्साका अधिकांश यात्रु थिए। सो बसमा भारतीय नागरिक पनि रहेका थिए।

सो बसमा रहेका ६५ यात्रु क्षणभरमै सीमलतालमा अज्ञात भएपछि तत्कालै खोजी कार्यसमेत थालिएको थियो।

जसले गर्दा अहिलेसम्म नेपाल र भारततर्फ गरी २५ जनाको शव फेला परेको छ। बेपत्ताहरुको खोजी कार्य अझैसम्म पनि जारी नै रहेको नवलपुर प्रहरीले जनाएको छ। तर मधेश प्रदेश सरकारले प्रति मृतकलाई एक लाख रुपैयाँ दिने घोषणाका अतिरिक्त अहिलेसम्म सो घटनाबारे चासोसमेत नलिएको भन्दै रौतहटका दिलीप



पाण्डेयले गुनासो गरे। मुख्यमन्त्री सतीशकुमार सिंहले केही दिन अघि मात्रै प्रति मृतक बराबर एक लाख रुपैयाँ दिने घोषणा गरे पनि रौतहट, बारा, पर्सा तथा भारतीयनागरिकहरुप्रतिदेखाउनुपर्ने सहानुभूति र मानवीयताबाट समेत चुकेको एवं जनताप्रतिको कर्तव्य र संवेदनशीलताप्रति गम्भीर नभएको टिप्पणी हुन थालेको छ।

## थप तीनसहित २५ शव फेला, १५ सनाखत

चितवनको सिमलताल दुर्घटनामा परी बेपत्ता भएका यात्रुहरुमध्ये बिहीबार राति र शुक्रबार गरी थप तीन जनाको शव फेला परेको जनाइएको छ।

भारतमा (नवलपुरको त्रिवेणी ब्यारेज पुलको वाल्मिकी नहर) मा दुईजना पुरुष र नवलपुरको देवचुली नगरपालिका-१ केउरानी घाटमा एक जना महिला गरी थप तीन जना महिलाको शव फेला परेको छ।

जिल्ला प्रहरी कार्यालय नवलपुरले जनाए अनुसार अहिलेसम्म फेला परेका २४ जनामध्ये १५ जनाको सनाखत भएको छ भने दुईजना महिलासहित सात जनाको सनाखत हुन बाँकी रहेको छ।

अहिलेसम्म सर्लाही जिल्लाको बरहुथवा नगरपालिका-३ का १९ वर्षीय रमितकुसर माझी, चितवन माडी नगरपालिका-१ का २२ वर्षीय विकास परियार, भारतको सीतामणि बर्गिनियाका २८ वर्षीय ऋषिपाल शाह, सीतामणि बेतियाका ३० वर्षीय जयप्रकाश ठाकुर, भारतको विहार बेतियाका ३० वर्षीय सजाद अन्सारी, बारा जिल्लाको विश्रामपुरका ४३ वर्षीय प्रमानन्द पण्डित, चितवनको भरतपुर महानगरापालिका २२ का २३ वर्षीय सुदीप विकको सनाखत भएको जनाइएको छ।

त्यस्तै सर्लाही जिल्लाको रामनगर गाउँपालिका-३ का २९ वर्षीय जितेन्द्रराम महरा, पर्साको सकुवा प्रसौनी गाउँपालिका-२ का २८ वर्षीया महिला चन्द्रप्रभा कुमारी चौधरी, रौटहटको परुहा नगरपालिका-६ का ४० वर्षीय ऋषिकुमार सिंह, रौतहटकै गरुड गाउँपालिका-९ का ९ वर्षीय बालक अशोककुमार यादव, रौतहटकै चन्द्रपुर नगरपालिका-१० का ४३ वर्षीय किशोरकुमार चौधरी, भारतको सीतामणि खाना बैरगनिहा-९ का २७ वर्षीय विवेक कुमार, रौतहटको बोधीमाई नगरपालिका-७ का २९ वर्षीया महिला अमृता कुमारी र रौतहटको यमुनामाई-५ का २२ वर्षीय पुरुष तुलसी दासको सनाखत भएको जनाइएको छ।

यता नवलपुर प्रहरीले शव खोजीको लागि स्थानीय माझीलाईसमेत परिचालन गरेको जनाएको छ।


CTEVT बाट सम्वधन प्राप्त



ADMISSION OPEN FOR 2081/082

Pcl in Dental Science





आवेदन फारम भर्ने अन्तिम मिति:२०८१/०४/१३ गते सम्म
प्रवेश परीक्षा : २०८१/०४/१९ गते विहान ८ बजे
सम्पर्क स्थान
Nepal Dental Hospital & Technical Research Institute Pvt.Ltd.Janakpurdham-07
Contact No. 9817686279,9811887002,9804871851





'जनमन सँ जनजन धरि'
रेडियो टुडे
९१ मेगाहर्ज

रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन ल क
निरन्तर १८ घण्टा अहाँक सँग





सुझाव आ प्रतिकृयाकऽलेल
०४१-५२७५९१, ५२३८६७
भिन्सर ५ बजे सँ राति ११ बजे धरि



मधेश प्रदेशको राजधानी सांस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

ANJANI SUITE








विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर,
जनकपुरधाम-८, धनुषा

# विद्यालय शिक्षा विधेयकः सांसदले आफ्नै संशोधन बिर्सन थालेपछि...

काठमाण्डु । "माननीय सभापतिज्यू, छ महिनाअघि संशोधन प्रस्ताव दर्ता गरेको थिएँ । छलफलका लागि अहिले खबर आयो । मैले के संशोधन हालेको थिएँ भन्ने पनि बिर्सेंछु ।"

नेपाली कांग्रेसका सांसद श्यामकुमार घिमिरेले प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बिहीबारको बैठकमा यसरी जिज्ञासा राख्दा सहभागी सांसदहरू गल्लल हाँस्नुभयो । गत भदौ २७ गते प्रतिनिधिसभामा दर्ता भई हाल विचाराधीन रहेको सो विधेयकमा संसदीय इतिहासमै सबैभन्दा धेरै सांसद र धेरै दफामा संशोधन परेकाले सबै संशोधनकर्तालाई छलफलमा एकैपटक बोलाउन नसकिएले पालैपालो समितिमा छलफलका लागि आमन्त्रण गरिएको छ ।

नियमित छलफल नबोलाइने भएकाले आफ्ना पालोमा आएर आफ्नो संशोधन प्रस्तुत गर्ने अवसर मात्रै दिइँदा सांसदहरूले आफ्नै संशोधन बिर्सने स्थिति उत्पन्न भएको हो । सांसद घिमिरेले आफूहरूको कुनै कार्यालय नहुने भएकाले छलफलमा बोलाउँदा संशोधनहरू पनि उपलब्ध गराउन आग्रह गर्दै विधेयकलाई लामो समय विचारधीन राख्दा विषयवस्तुमा पनि हेरफेर आउने टिप्पणी गर्नुभयो ।

सोही समितिको बुधबारको बैठकमा जनता समाजवादी पार्टीका सांसद रञ्जुकुमारी झाले पनि आफूहरूले आफ्नै संशोधन के थियो भनेर फेरि कागज पल्टाएर हेर्नुपरेको बताउनुभएको थियो । विधेयकमाथि सरल र छिटो विधिबाट छलफल गरेर टुङ्गोमा लान उहाँको आग्रह थियो । कुल एक सय ५१ सांसदद्वारा एक हजार सात सय ८२ संशोधन हालिएको सो विधेयकमा हालसम्म २४ जना संशोधनकर्तासँग मात्रै छलफल सम्पन्न भएको छ । उक्त समितिका तत्कालीन सभापति भानुभक्त जोशी गत फागुन २३ गते तत्कालीन मन्त्रिपरिषद्मा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री नियुक्त भएपछि रिक्त पदमा यही चैत ७ गते सांसद अम्मरबहादुर थापा निर्वाचित हुनुभएको थियो । नयाँ सभापतिले यही चैत ९ गते बैठक आह्वान गरी विधेयकमा संशोधन हाल्ने सात सांसदसँग छलफल प्रारम्भ गराउनुभएको छ ।



समितिमा गत फागुन २० गते संशोधनकर्ता सदस्यसँग पहिलो छलफल भएकामा त्यसदिन बोलाइएका मध्ये एक सांसदमात्रै उपस्थित हुनुभएको थियो । बोलाएका दिन सबै सांसद नआउने र अर्को दिन नआएका सांसदलाई बोलाउने कि बोलाउन बाँकी रहेकालाई बोलाउने भन्ने विषय समितिका लागि झन्झटको काम भएको छ । एकातिर विधेयक छिटो ल्याउनुपर्ने दबाब अर्कातिर धेरै संशोकनकर्तालाई छलफलमा एकत्रित पार्ने चुनौती समितिलाई रहेको छ । सभापति थापाले हिउँदे अधिवेशनसम्ममा यसलाई किनारा लगाउने र यो विधेयक पारित नभएसम्म आफू मन्त्री हुने अवसर पाए पनि नजाने बैठकमा घोषणा गरिसक्नुभएको छ ।

नेपालको संविधानको मौलिक हक कार्यान्वयनका क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन जारी भएको थियो । तत्कालीन शिक्षामन्त्री अशोककुमार राईको कार्यकालमा प्रतिनिधिसभामा दर्ता भई हाल विचाराधीन रहेको विधेयकलाई बहुप्रतिक्षीत विधेयकमा रुपमा लिइएको छ । नेपाल कम्युनिष्ट पार्टी (एमाले) सांसद रघुजी पन्तले धैरै सांसदमा संशोधन भएको र सबैलाई नियमित बोलाउन नभ्याउने भए मुख्य-मुख्य विवादका सवालमा राजनीतिक दलगत संशोधनकर्ता सांसदको छलफल गरेर ती दलका प्रतिनिधि सांसदले समितिमा नियमित भाग लिएर पनि यसलाई टुङ्गो लगाउन सकिने सुझाव दिनुभयो ।

**विधेयकमा पेचिला मुद्दा**

शिक्षा ऐन, २०२८ मा नवौं संशोधनका आधारमा सञ्चालन भइरहेको विद्यालय शिक्षालाई संविधानअनुसारको नयाँ कानुन ल्याएर बिरानो कानुन खारेज गर्न लागिएकाले यसमा सरोकारवालाका पनि धेरै चासो छन् । विधेयकमा अधिकांश सांसदका उस्तै र पेचिला मुद्दामा संशोधन परेका छन् । आफ्ना माग र आफूहरुको आन्दोलनपछि भएका सहमतिको पालना भई छिटो विधेयक ल्याउन नेपाल शिक्षक महासङ्घलगायतले दबाब दिइसकेका छन् भने स्थानीय तहका जनप्रतिनिधिले संविधानमा उल्लेखित विद्यालय तहको आफूहरूको अधिकारमा तलमाथि भए अदालत जाने चेतावनी दिँदै आएका छन् । सामुदायिक विद्यालय शिक्षकहरू आफूहरुको सरुवा, अभिलेखलगायतका काम प्रदेश सरकारबाट गराउन चाहन्छन् । निजी विद्यालयलाई गुठी, कम्पनी या कुन ढाँचामा सञ्चालन गर्ने, संविधानतः निःशुल्क भनिएकाले माध्यमिक तहसम्म निजी विद्यालय सञ्चालन गर्न दिने नदिने, विद्यालय कर्मचारी र बालविकासका शिक्षकलाई दरबन्दीमा राख्ने नराख्ने आदि विवादमा विषय विधेयकमा छन् ।

राहत शिक्षक सङ्घर्ष समितिको मागका आधारमा आन्तरिक प्रतिस्पधार्मा ७५ प्रशितसम्म कोटा दिने सरकारसँगको सहमति कार्यान्वयन गर्न पनि चुनौतीपूर्ण देखिन्छ । शिक्षक, कर्मचारीलगायत कुनै पनि पेसामा राजनीतिक दलको भ्रातृ सङ्गठन कायम नराख्ने भन्ने विषय पनि विधेयकमा सन्दर्भमा पेचिलो विषय बनेको छ ।

सरकारले संसद्मा विधेयक दर्ता गराएपछि असन्तुष्ट महासङ्घले काठमाडौँकेन्द्रित आन्दोलन गरेपछि गत असोज ५ र १२ गते दुई चरणमा शिक्षक र कर्मचारीका माग र मुद्दामा सहमति भएको थियो । सहमतिलाई मन्त्री राईले प्रतिनिधिसभाकामा सैद्धान्तिक छलफलको जवाफका क्रममा प्रस्तुत गर्नुभएको थियो । नयाँ शिक्षामन्त्रीले उक्त सहमतिलाई कसरी स्वामित्व लिने भन्ने पनि स्पष्ट भइसकेको छैन ।संविधानबमोजिम विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण गर्न तथा विद्यालय शिक्षाका मुलभूत विषयमा समता, एकरूपता र गुणस्तर कायम गरी विद्यालयको स्थापना र सञ्चालनसम्बन्धी विषयलाई व्यवस्थित यो विधेयक ल्याइएको हो ।

छलफल शिक्षामन्त्रीको प्राथमिकतामा

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले विधेयकमाथिका लगातार दुई दिन भएका समितिको छलफलमा पूरै समय दिनुभएको छ । विधेयकमाथि छलफलमा विभागीय मन्त्रीको उपस्थिति अनिवार्य मानिन्छ । यसअघिमा मन्त्रीहरूले छलफलको सुरुमा उपस्थित हुने र त्यसपछि सचिवलगायत कर्मचारीलाई जिम्मा दिएर हिँड्ने गरेकामा मन्त्री भट्टराई सरकारले आदर गर्नुपर्ने निकायका रूपमा संसद् भएकाले आफूले उच्च प्राथमिकता दिने बताउनुभएको छ । उहाँले निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ र विद्यालय शिक्षा विधेयक, २०८० बीच सामञ्जस्य खोजेर काम गरिने स्पष्ट गर्नुभएको छ ।

अघिल्लो सोमबार शिक्षामन्त्री नियुक्त भएपछि पहिलोपटक विषयगत समितिको बैठकमा सहभागी उहाँले सांसदका सुझावका आधारमा पाठ्यक्रम, परीक्षालगायत मुलुकको शैक्षिक प्रणालीको समीक्षा गरी तदनुरुप काम गर्ने तथा त्यस निम्ति संसद्सँग समन्वय र सहकार्य बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# अर्थतन्त्रलाई चलायमान बनाउन मौद्रिक नीति कठोर हुनुहुँदैनः प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकमा देखिएका समस्या समाधान र केही परिवर्तन गर्नकै लागि नयाँ सरकार गठन भएको बताउनुभएको छ ।



शुक्रबार नेपाल उद्योग परिसङ्घसँगका पदाधिकारीसँगको छलफलमा उहाँले आफू यसअघि नै प्रधानमन्त्री बनिसकेकाले पदका लागि मात्रै पुन जिम्मेवारीमा नआएको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "विद्यमान समस्या समाधान तथा अर्थतन्त्रलाई सुदृढ बनाउनु नै वर्तमान सरकारको प्रमुख ध्येय हो । म प्रधानमन्त्री बन्नका लागि मात्र आएको होइन, देशमा रहेका समस्याको समाधान गर्न र परिवर्तनका लागि काम गर्नैपर्छ भन्ने दृढतासहित आएको हुँ । त्यसैले निजी क्षेत्रले यो सरकारप्रति आशा, भरोसा राखेर सँगससँगै मिलेर काम गर्नुपर्छ ।"

करका दर अनुहार हेरेर परिवर्तन गर्न नहुने र गलत नीति लिएका बेला निजी क्षेत्रले विरोध गर्न सक्नुपर्ने धारणा राख्नुहुँदै प्रधानमन्त्री ओलीले अर्थतन्त्रलाई चलायमान बनाउन मौद्रिक नीति कठोर हुन नहुनेमा जोड दिनुभयो । त्यस अवसरमा अध्यक्ष राजेशकुमार अग्रवालले विगत तीन वर्षदेखि शिथिल अर्थतन्त्रलाई उकास्न सरकारले उच्च प्राथमिकताका साथ काम गर्न आग्रह गर्नुभयो ।

उत्पादनशील र निर्माण क्षेत्र बढी प्रभावित हुँदा बाह्य क्षेत्र उत्साहजनक भए पनि आन्तरिक अर्थतन्त्र अझै समस्यामा रहेको दृष्टान्त दिनुहुँदै उहाँले निजी क्षेत्रको मनोबल बढाउनुपर्नेमा जोड दिनुभयो । मौद्रिक नीतिमार्फत शिथिल रहेको अर्थतन्त्रलाई चलायमान बनाउनसक्नुपर्ने अध्यक्ष अग्रवालको भनाइ थियो । परिसङ्घकानिवर्तमानअध्यक्षविष्णुकुमार अग्रवाल, पूर्वध्यक्षद्वय सतिशकुमार मोर, हरिभक्त शर्मा, उपाध्यक्षहरू निर्वाण चौधरी, वीरेन्द्रराज पाण्डे, राजबहादुर शाह, अमित मोर, भीम घिमिरे, गभर्निङ काउन्सिल सदस्य शिवरतन शारडा, योगेश्वरलाल श्रेष्ठ, बालकृष्ण श्रेष्ठलगायतले अर्थतन्त्रको विद्यमान अवस्था र सुधारका विषयमा प्रधानमन्त्रीलाई सुझाव दिनुभएको थियो ।रासस

# विपद् व्यवस्थापन गर्न आपसी समन्वय बढाउनुपर्नेमा जोड




काठमाण्डु । नेपालमा बढ्दो विपद् व्यवस्थापनको पूर्वतयारी र क्षति न्यूनीकरणलाई थप प्रभावकारी बनाउन सरोकार भएका निकायबीच समन्वय बढाउनुपर्नेमा जोड दिइएको छ ।

शुक्रबार आयोजित 'विपद् फोकलपर्सन' बैठकमा सहभागी वक्ताले विपद् व्यवस्थापनका लागि तीनै तहका सरकार र अन्य सरोकार भएकाबीच सहकार्य र समन्वय बढाउनुपर्नेमा जोड दिएका हुन् ।विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) अनुगमन तथा समीक्षाका सम्बन्धमा विभिन्न सङ्घीय मन्त्रालय, निकाय, विभाग एवं काठमाडौँ उपत्यकाभित्रका सबै स्थानीय तहका 'विपद् फोकलपर्सन'बीच छलफल भएको हो ।

विपद् व्यवस्थापनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ, राष्ट्रिय रणनीतिक कार्ययोजनाको अवस्थालगायत विषयमा जानकारी लिन र आगामी योजना तय गर्ने उद्देश्यले फोकल व्यक्तिबीचमा छलफल आयोजना गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले जानकारी दिनुभयो । उक्त कार्ययोजनालाई सबै मन्त्रालय र निकायले समान रुपमा प्राथमिकतामा राखेर समन्वय गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।छलफलको उद्घाटन समारोहमा प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले रणनीतिक कार्ययोजनालाई सफल बनाउनु हामी सबैको कर्तव्य भएको भन्दै यसका लागि एक व्यक्ति वा संस्थाले मात्रै सम्भव नहुने हुँदा सबैको प्रभावकारी भूमिकाको अपेक्षा रहेको बताउनुभयो ।

समारोहमा गोकर्णेश्वर नगरपालिका प्रमुख दीपककुमार रिसालले सहरी क्षेत्रमा मानव सिर्जित जोखिम बढ्दो अवस्थामा रहेकाले न्यूनीकरणका लागि सबै सम्बन्धित निकायको समन्वययात्कम पहल आवश्यक रहेको बताउनुभयो । गृह मन्त्रालय विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख, सहसचिव डा भीष्मकुमार भुसालले विकासका कार्य अगाडि बढाउँदै गर्दा विपद् पनि आउँने भएकाले अब विकासका कार्य गर्दा विपद् न्यूनीकरणलाई पनि समाविष्ट गर्दै लैजानुपर्ने बताउनुभयो ।

**माइग्रेशन हरायो**

निम्न लिखित व्यहोराको माइग्रेशन घरबाट जनकपुर जाने क्रममा मिति २०८०।७।१० गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।

**नाम** : कंगन कुमारी

**सिम्बोल नं.**: २१७०२८२५

**ठेगाना**: जि. बटेश्वर-५, धनुषा

**हाल**: गौशाला न.पा-५, महोत्तरी

**मो.नं.**९८०४८३४८९१

**माइग्रेशन हरायो**

निम्न लिखित व्यहोराको माइग्रेशन घरबाट जनकपुर जाने क्रममा मिति २०८०।७।१० गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।

**नाम** : अनिरुद्ध कुमार यादब

**सिम्बोल नं.**: ३१५०००८२


**ठेगाना**:जि. बटेश्वर-५, धनुषा

हालःगौशाला न.पा-५, महोत्तरी

**मो.नं.**९८२१५१४९५४

# सिमलताल दुर्घटनाः दुई शव भारतको चम्पारणमा फेला

काठमाण्डु । चितवनको भरतपुर महानगरपालिका-२९ अन्तर्गत नारायणगढ-मुग्लिन खण्डको सिमलतालमा लेदोसहितको पहिरोले बगाई त्रिशूली नदीमा बेपत्ता भएका दुईवटा बसमा रहेका ६५ यात्रुमध्ये २३ जनाको शव फेला परेको छ ।



सशस्त्र प्रहरी बलले उपलब्ध गराएको तथ्याङ्कअनुसार शुक्रबार बिहान १०:५० बजेसम्म मृतकमध्ये १५ जनाको सनाखत भएको छ । आठ पुरुष र एक महिला गरी नौ शवको सनाखत हुन सकेको छैन ।भारतको बिहार सीतामणिका २८ वर्षीय ऋषिपल साह र २७ वर्षीय विवेक कुमार, पश्चिम चम्पारण बेतिया थानाका ३० वर्षीय जयप्रकाश ठाकुर र बेतिया मझेलिया थानाका ३० वर्षीय सजाद अन्सारीको शव सनाखत भई आफन्तले बुझेका छन् ।

चितवनको माड्डी नगरपालिका-१ का २२ वर्षीय विकास परियार, सर्लाहीको वरथहवा नगरपालिका-३ का १९ वर्षीय रमितकुशर माझी, भरतपुर महानगरपालिका-२२ पटहानीका २३ वर्षीय सुदीप विक, बाराको विश्रामपुर गाउँपालिका-६ का ४३ वर्षीय परमानन्द पण्डित र रौतहटको चन्द्रपुर नगरपालिका-१० का बस चालक ४३ वर्षीय किशोरकुमार चौधरीको शव सनाखत भएको छ ।

रौटहटको गरुडा नरपालिका-९ का नौ वर्षीय अशोककुमार यादव, रौतहटको परोहा नगरपालिका-६ का ४० वर्षीय ऋषिकुमार सिंह, सर्लाहीको रामनगर गाउँपालिका-३ का जितेन्द्रराम महरा, पर्साको सखुवा प्रसौनी गाउँपालिका-२ का २८ वर्षीया चन्द्रप्रभा कुमारी र रौतहटको बौधिमाई नगरपालिका-७ का २९ वर्षीया अमृता कुमारीको शव सनाखत भई आफन्तले बुझी लगेका सशस्त्र प्रहरी बलका सहप्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिनुभयो ।थापाका अनुसार शव चितवनको गोलाघाट, सालबास र सिसवार, नवलपुरको गैंडाकोट, भुताहा, त्रिवेणी व्यारेज क्षेत्रलगायत घटनास्थलबाट तटीय क्षेत्रमा फेला परेका हुन् । गत असार २८ गते बिहान ३ बजे सिमलताल भन्ने स्थानमा वीरगञ्जबाट काठमाडौं आउँदै गरेको बागमति प्रदेश ०३-००६ ख १५१६ नम्बर र काठमाडौँबाट गौरतर्फ जाँदै गरेको बागमति प्रदेश ०३-००१ ख २४५९ नम्बरको बस लेदोसहितको पहिरोले बगाई त्रिशूली नदीमा बेपत्ता भएको थियो ।

पछिल्लो तथ्याङ्कअनुसार वीरगञ्जबाट काठमाडौं आउँदै गरेको बसमा टिकट काटेका २७ र अन्य ११ गरी ३८ तथा काठमाडौँबाट गौरतर्फ जाँदै गरेको बसमा टिकट काटेका २३ र अन्य चार गरी जम्मा २७ जना यात्रु सवार रहेका प्रहरीले जनाएको छ । टिकट नकाटी बसमा यात्रा गरेका यात्रीका आफन्तजनले दुर्घटनापछि प्रहरीमा आफन्तको विवरण उपलब्ध गराएका थिए । दुई बसमा ६५ यात्रु सवार रहेका खुलेको छ । काठमाडौँबाट गौरतर्फ जाँदै गरेको बसबाट हाम्फालेर बाँच्न तीनमध्ये रौतहटको गरुडा नगरपालिका-९ का जुगेश्वरराय यादव र सरोजकुमार गुप्ता उपचारपश्चात् घर फर्केका छन् भने रौतहटका देवाही बनाही नगरपालिका-१० का नन्दन दासको उपचार भइरहेको छ ।

भारतको चम्पारणमा फेला परे दुई शव

दुर्घटनामा परी बेपत्ता भएकामध्ये दुई यात्रीको शव भारतको चम्पारण नागाहास्थित नारायणी नदीमा फेला परेको छ । भारतीय सीमा सुरक्षा बल (एसएसबी)को टोलीले बिहीबार फेला पारेका दुई शव सीमा सुरक्षार्थ खटिइएको सशस्त्र प्रहरी बलको 'बोर्डर आउट पोष्ट' (बिओपी) त्रिवेणीको टोली, नेपाल प्रहरी र स्थानीय जनप्रतिनिधिको रोहबरमा नेपाल ल्याइएको सशस्त्र प्रहरीका सहप्रवक्ता थापाले जानकारी दिनुभयो ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : शिक्षामा उन्नति । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : धन वृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



नेकपा (एमाले)का केन्द्रीय सचिव एवं पूर्वमन्त्री रघुवीर महासेठलाई शुक्रबार जनकपुरधाम विमानस्थलमा नेता-कार्यकर्ताले स्वागत गर्दै । *तस्बिर : रासस*

# क्रिकेटर लामिछानेको मुद्दाको पूर्णपाठ सार्वजनिक : 'आधार र प्रमाण नपुग्दा सफाइ'

काठमाण्डु । उच्च अदालत पाटनले क्रिकेटर सन्दीप लामिछानेविरुद्धको बलात्कार मुद्दामा फैसलाको पूर्णपाठ सार्वजनिक गर्दै आधार र प्रमाण नपुग्दा सफाइ हुने ठहर गरेको छ।

न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अन्जु उप्रेती ढकालको संयुक्त इजलासले गत जेठ २ गते गरेको फैसलाको शुक्रबार सार्वजनिक गरेको पूर्णपाठमा आधार र प्रमाण नपुगेका कारण सफाइ दिएको उल्लेख छ ।फैसलाको पूर्णपाठमा भनिएको छ, "आधार र कारण समेतबाट यसमा प्रतिवादी सन्दीप लामिछानेले अनुसन्धानका क्रममा र अदालतमा गरेको इन्कारी बयान, परिवर्तित नाम गौशाला २६ ले पठाएको म्यासेज, निजको शारीरिक परीक्षण प्रतिवेदन, निजको शारीरिक अवस्था, घटनास्थल मुचुल्का, घटना विवरण कागज गर्ने होटल काठमाडौँ इन होटलका सेक्युरिटी कार्ड राजन राणाले गरेको वकपत्रका साथै मिसिल संलग्न परिस्थितिजन्य प्रमाणहरुबाट पुनरावेदक प्रतिवादीले अभियोग मागदाबी बमोजिमको कसुर गरेको पुष्टि हुन आएन ।"

फैसलामा पीडितले प्रतिकार गरेको, कराएको, चिच्चाएको, तेस्रो व्यक्तिसँग आत्मरक्षाका लागि कुनै सहयोगको याचना गरेको नदेखिएको उल्लेख छ । त्यस्तै, उमेर पुगेका व्यक्तिहरूबीच जबर्जस्ती करणीको १ नं विपरीत नभई सहमतिमा भएको करणीलाई जबर्जस्ती करणी नमानिने भनेर सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तलाई प्रस्तुत मुद्दाको उल्लिखित तथ्यहरूले अनुमोदन गरेको इजलासको ठहर छ।



फैसलाको पूर्णपाठको भनिएको छ, "प्रतिवादीसँग पीडितले आर्थिक संरक्षण मागेको, प्रतिवादीले पछि सकेको सहयोग गर्छु भनेको तर कुनै सहयोग नगरी प्रतिवादी केन्यातर्फ गएको घटनाक्रमले रिसको आवेगमा प्रतिवादी उपर यस्तो जघन्य कसुरमा जाहेरी दिएको होला भनी यो तथ्यलाई ठाडै इन्कार गर्न सकिने अवस्था पनि देखिँदैन ।" पीडितले प्रतिवादीले आफूलाई जबर्जस्ती करणी भने पनि निज वारदातको समय १८ वर्ष पूरा भएको देखिएको फैसलामा उल्लेख गरिएको छ।

अदालतले मिसिल संलग्न सिसिटिभी फुटेजको स्क्रिप्टसमेतकाप्रमाणबाटअभियोगदाबी शङ्कारहित तवरले पुष्टि नभएको, पीडित र प्रतिवादीबीच होस्टल नजिकबाट प्रतिवादीको गाडीमा बसी नगरकोट गएको, रातको समयमा काठमाडौँ होटल इनमा बसी भोलिपल्ट प्रतिवादीले पीडितलाई निजको होस्टलमा पुऱ्याउँदाका अवस्थासम्मका उल्लिखित घटनाक्रमलाई विश्लेषण गरी हेर्दा जबर्जस्ती करणीको कसुर भएको मान्न मिल्ने अवस्था नदेखिएको ठहर छ।

फैसलामा भनिएको छ, "प्रतिवादीलाई पीडित बालक ठहर गरी जबर्जस्ती करणी गरेको ठहऱ्याइ काठमाडौँ जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म मिलेको देखिन आएन ।" फैसलामा पीडित आफैँले प्रतिवादीलाई 'फ्रेन्ड रिक्वेस्ट' पठाएको, प्रतिवादीलाई 'स्न्यापच्याट'मार्फत फोटो पठाउने गरेको,प्रतिवादी आफू क्रिकेट खेल्न विदेश गई दुई महिनापछि फर्केर आएर भेट्नेभन्दा पीडितले मलाई सहयोग गर्नुपऱ्यो भनेर तुरुन्तै भेट्न चाहेको विषयलाई पनि अदालतले लामिछानेमाथि जबर्जस्ती करणीको कसुर प्रमाणित नहुने आधारका रूपमा व्याख्या गरेको छ।

फैसलामा लामिछानेले गाडी लिएर आउँदा स्वस्फूर्त रूपमा पीडित गाडीमा गइबसेको, नगरकोट जाँदासमेत पीडितले कुनै प्रतिकार नगरेको र प्रतिवादीले नगरकोटबाट पीडितलाई 'चाँडै जाउँ, तिम्रो होस्टेल बन्द हुन्छ' भन्दा 'होस्टेल जुनसुकै बखत खुला हुन्छ' भनी प्रतिवादीलाई विश्वास दिलाएको र नगरकोटको होटल प्रतिवादी (सन्दीप)ले 'बुक' गराएको भन्ने तथ्य पुष्टि नभएको जस्ता आधारमा टेकेर अदालतले सन्दीपलाई सफाइ दिएको उल्लेख छ।

जिल्ला अदालत काठमाडौँका न्यायाधीश शिशिरराज ढकालको इजलासले गत पुस २५ गते आठ वर्ष जेल सजाय, जरिवाना र क्षतिपूर्ति गरी पाँच लाख भराउने र गौशाला २६ को कमजोर आर्थिक अवस्थाको फाइदा उठाएको ठहर गरेको थियो । सो फैसलाविरुद्ध लामिछाने उच्च अदालत पाटन जानुभएको थियो। सो अदालतमा उक्त मुद्दाको सुनुवाइपछि लामिछानेलाई सफाइ हुने ठहर गरेको हो। गौशाला २६ माथिको बलात्कारको अभियोगमा लामिछानेविरुद्ध २०७९ भदौ २१ गते उजुरी परेपछि उहाँलाई गत असोज २० गते अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थलबाट पक्राउ गरिएको थियो । उक्त मुद्दामा लामिछानेलाई अदालतले सफाइ दिएको छ ।रासस

# बङ्गलादेशमा कुनै सहयोग आवश्यक परे नेपाली राजदूतावासमा सम्पर्क गर्न आग्रह

काठमाण्डु । नेपाल सरकारले बङ्गलादेशमा विकसित पछिल्लो घटनाक्रममा तत्कालै थप कुनै सहयोग आवश्यक परेमा त्यहाँ रहेका नेपालीलाई ढाकास्थित नेपाली राजदूतावासमा सम्पर्क गर्न आग्रह गरेको छ।

परराष्ट्र मन्त्रालयले शुक्रबार विज्ञप्तिमार्फत तत्कालै थप कुनै सहयोग आवश्यक परेमा नेपाली विद्यार्थी तथा उहाँहरूका अभिभावक एवं आफन्तहरूले राजदूतावासका योजना बम्जन, द्वितीय सचिवलाई +८८०१८८०६९१०१३ र रिया क्षेत्रीलाई +८८०१७४५४०७९५८ नम्बरमा जुनसुकै समयमा सम्पर्क गर्न सकिने जनाएको छ।





मन्त्रालयले बङ्गलादेशमा विकसित पछिल्लो घटनाक्रममा सन्दर्भमा त्यहाँ अध्ययनरत सम्पूर्ण नेपाली विद्यार्थीहरूको सुरक्षा तथा हित सुनिश्चित गर्नेतर्फ सरकार पूर्णरुपमा सचेत रहेको जनाएको छ ।हालसम्म सम्बन्धित विश्वविद्यालय, कलेज तथा ढाकास्थित नेपाली राजदूतावास समेतको सहयोग र समन्वयमा नेपाली विद्यार्थीहरू सुरक्षित रहेको तथा उहाँहरूको थप सहजताका लागि निरन्तर प्रयत्न भइरहेको मन्त्रालयको भनाइ छ ।रासस

# विपद् व्यवस्थापन, खोज र उद्धारमा ८६८ सैनिक परिचालित

काठमाण्डु । नेपाली सेनाले देशका विभिन्न स्थानमा विपद् व्यवस्थापन, खोज तथा उद्धारका लागि आठ सय ६८ जनाको फौज परिचालित भएको जनाएको छ।

पहिराले बगाई त्रिशूली नदीमा बेपत्ता भएका दुई यात्रुवाहक बसका यात्रीको खोज तथा उद्धारका लागि गोताखोरसहित नेपाली सेनाका एक सय ४२ जनाको टोली परिचालित भएका सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

नदिको उच्च बहाब तथा धमिलो पानीको बाबजुद पनि नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीका संयुक्त टोलीले खोज तथा उद्धारलाई निरन्तरता दिइरहेकाल छन् ।



खोजीको क्रममा उद्धार टोलीले शुक्रबार बिहानसम्म २३ जनाको शव फेला परेको छ। सोमध्ये नौ वटा शवको सनाखत हुन बाँकी छ।

चितवनको भरतपुर महानगरपालिका-२९ अन्तर्गत नारायणगढ-मुग्लिन सडकको सिमलतालमा गत असार २८ गते ६५ यात्री रहेको दुई वटा बस लेदोसहितको पहिरोले बगाई त्रिशूली नदीमा बेपत्ता छन्।

रासस

# नेकपा एसमा प्रतिनिधित्वः ३३ प्रतिशत महिला, २० प्रतिशत युवा

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)मा ३३ प्रतिशत महिला र २० प्रतिशत युवाको प्रतिनिधित्व सुनिश्चित भएको छ।

पार्टीले समावेशिताको अनुपात र सङ्ख्या निर्धारण गरी भूगोल, खुला र समावेशी क्षेत्रमा प्रतिनिधित्व सुनिश्चित गरेको हो। समावेशिताको अनुपात र सङ्ख्याअन्तर्गत दलित २०, आदिवासी जनजाति ४०, मधेसी २०, थारू नौ, मुस्लिम छ, अल्पसङ्ख्यक तीन र अपाङ्गता भएका व्यक्ति दुई प्रतिशत हुनेगरी प्रतिनिधित्वको सुनिश्चितता गरेको नेता सोमप्रसाद पाण्डेयले जानकारी दिनुभयो।





समावेशीकरणको सिद्धान्तअनुसार समावेशी महिला र समावेशी खुला समूह निर्धारण गरी २५ देखि ४५ वर्षको उमेर समूह र खुला उमेर समूह निर्धारण गरिएको छ। युवा, प्रौढ र वृद्धको सहभागितालाई सुनिश्चितता गरेको पार्टीले हरेक तहको कमिटीमा एक व्यक्ति, एक प्रमुख जिम्मेवारी र बढीमा दुई कार्यकाल मात्र कार्यकारी प्रमुख रहने व्यवस्था छ।

अब केन्द्रीय सदस्य हुन व्यक्ति कुनै समुदाय, लिङ्ग वा उमेर समूहको भएर मात्र पुग्दैन । विगतमा जिम्मेवारी सम्पादनको अवस्था, पार्टी नीतिको व्याख्या, विश्लेषण गर्ने क्षमता, जनताबीचको लोकप्रियतालाई आधार बनाइएको छ। यो व्यवस्था विधानको अपरिवर्तनीय धाराका रूपमा राखिएको छ। पार्टीमा दुई सय ९९ सदस्यीय कार्यसमिति तथा २१ पदाधिकारीको व्यवस्था गरिएको छ।

हालै सम्पन्न महाधिवेशनले अध्यक्षमा माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसालसहित ९३ केन्द्रीय सदस्य सर्वसम्मत चयन गरेको थियो।

पार्टीमा दुई सय छ केन्द्रीय सदस्य मनोनयन गर्न बाँकी रिक्त छ ।रासस

# नेपाल प्राथमिकतामा छ : भारतीय प्रधानमन्त्री मोदी

काठमाण्डु । नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओलीलाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बधाई सन्देश दिनुहुँदै दुई देशबीच थप समन्वय र सहकार्य हुने विश्वास व्यक्त गर्नुभएको छ।

दुई देशबीचको सदियौँ पुरानो संस्कृति, सभ्यता र खुला सिमानाका कारण दुई देशका नागरिकबीच बलियो सम्बन्ध कायम गरेको भारतीय प्रधानमन्त्री मोदीले सन्देशमा उल्लेख गर्नुभएको छ। पछिल्लो समय दुई देशबीच कनेक्टिभिटी र ऊर्जालगायत क्षेत्रमा उल्लेख्य प्रगति भएको उल्लेख गर्नुहुँदै उहाँले दुई देशको समग्र विकासमा साझेदारी र सहकार्य गर्न नेपालका प्रधानमन्त्री ओलीलाई आग्रह गर्नुभयो।



"भारतको 'छिमेकी पहिलो' नीतिअन्तर्गत नेपाल विशेष र प्राथमिकता साझेदारको रूपमा रहेको छ। हाम्रो पारस्परिक लाभका विषयमा साझेदारीलाई सुदृढ गर्दै र नयाँ मार्ग खोज्दै नेपालको आर्थिक विकासका साथै समृद्धि हासिल गर्न अटल साझेदार हुने प्रतिबद्धता छ", भारतीय प्रधानमन्त्री मोदीको बधाई तथा शुभकामना सन्देशमा भनिएको छ, "हाम्रो द्विपक्षीय साझेदारी अझ माथि उठ्छ र दुवै देशका नागरिकको आकाङ्क्षा पूरा गर्न सहकार्यको सुनिश्चिततासहित नजिकबाट काम गर्न तत्पर छौँ।"

नवनियुक्त प्रधानमन्त्री ओलीको नेतृत्व र अनुभवले दुई मित्र राष्ट्रहरूबीचको सम्बन्ध थप सुदृढ हुने र सहकार्य सकारात्मक दिशामा अघि बढ्ने विश्वास व्यक्त गर्नुभएको छ ।रासस

# देउवाद्वारा पर्यटन व्यवसायी श्रेष्ठको निधनप्रति दुःख व्यक्त

काठमाण्डु। नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले वरिष्ठ पर्यटन व्यवसायी तथा द्वारिकाज होटल एवं रिसोर्टका सञ्चालक अम्बिका श्रेष्ठको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ। उहाँको ९२ वर्षको उमेरमा उपचारका क्रममा यही साउन ३ गते निधन भएको हो।

सभापति देउवाले शोक विज्ञप्तिमार्फत उहाँको निधनप्रति दुःख व्यक्त गर्दै दिवङ्गत आत्माको चीर शान्तिको कामना र शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्नुभएको छ । सभापति देउवाले स्व श्रेष्ठले नेपालको पर्यटन तथा होटल व्यवसायको क्षेत्रमा पुऱ्याउनुभएको योगदानको स्मरण गर्दै उहाँको निधनबाट सामाजिक क्षेत्रमा अपूरणीय क्षति पुगेको उल्लेख गर्नुभएको छ ।स्व श्रेष्ठ हिमाल मिडिया प्रालिको संस्थापक अध्यक्ष तथा स्पेनका लागि पूर्वअवैतनिक महावाणिज्यदूतसमेत हुनुहुन्थ्यो । साढे छदशकदेखि नेपालको पर्यटन तथा होटल व्यवसायका क्षेत्रमा अनवरत रुपमा संलग्न रहेर यस क्षेत्रको श्रीवृद्धिमा उहाँले उल्लेखनीय योगदान पुऱ्याउनुभएको थियो । सामाजिक कार्यमा पनि उत्तिकै सक्रिय उहाँले पर्यटन क्षेत्रका साथै महिला उद्यमशीलता प्रवर्द्धन र महिला सशक्तीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो ।रासस



# अतिरिक्त समयमा सेवा सञ्चालन गर्न अस्पताललाई आग्रह

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सङ्घीय अस्पताललाई नियमितबाहेक अतिरिक्त समयमा सेवा सञ्चालन गर्न आग्रह गरेको छ। मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले गुणस्तरीय स्वास्थ्य सेवा छिटोछरितो र स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच अभिवृद्धि गर्न नियमितबाहेक अतिरिक्त समयमा सेवा सञ्चालन गर्न आग्रह गर्नुभयो।

मन्त्रालयले अतिरिक्त समयमा सेवा सञ्चालन गर्न 'विस्तारित अस्पताल सेवा कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०७७' कार्यन्वयनमा ल्याएको छ।

उहाँले कार्यविधि अनुसार सेवा यथाशीघ्र सुरु गर्न र सेवा सञ्चालन गरेको जानकारी मन्त्रालयलाई गराउन आग्रह गर्नुभयो । अस्पतालले अतिरिक्त समयमा सेवा सञ्चालन गरेबापत चिकित्सक सेवा शुल्क सरकारले तोके अनुसार र अन्य सेवा शुल्क अस्पतालले नियमित सेवा शुल्कमा बढीमा दुई सय प्रतिशतसम्म लिन पाउने व्यवस्था कार्यविधिमा उल्लेख गरिएको मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले जानकारी दिनुभयो।

अस्तालले सेवाको विवरण तयार पारी सेवाग्राहीले स्पष्ट बुझ्ने गरी देखिने स्थानमा राख्नुपर्ने छ। सेवा सञ्चालन गर्नका लागि अस्पतालका प्रमुख रहेको कार्यक्रम सञ्चालन समिति गठन गर्नुपर्ने कार्यविधिमा उल्लेख छ।



अतिरिक्त समयमा सेवा सञ्चालन सामुदायिक र सहकारी अस्पतालमा समेत लागू गर्न सकिने व्यवस्था छ । प्रदेश र स्थानीय तहले पनि आफ्नो मातहतका अस्पतालमा नियमित बाहेक अतिरिक्त समयमा सेवा सञ्चालन गर्न सक्नेछन्।

कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि २०७७ लाई आवश्यकता अनुसार परिमार्जन गर्ने मन्त्रालय र उपत्यकाका सङ्घीय अस्पतालबीच सहमति भएको प्रवक्ता डा बुढाथोकीले जानकारी दिनुभयो ।रासस

**कर्मचारी आवश्यकता**

जनकपुरधामको एक प्रतिष्ठित होटल अतिथी थकाली किचेन एण्ड गेष्ट हाउसको लागि एक जाना मैनजर आवश्यक भएकोले काम गर्न चाहने इच्छुक तथा अनुभवी योग्य व्यक्तिहरुले निम्न ठेगानामा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ।

**मैनेजर चाहियो एक जाना**
**तलव सुविधाः आकर्शक**

**सम्पर्क**
**अतिथी थकाली किचेन एण्ड गेष्ट हाउस**
जनकपुरधाम, (चनक चौक)
मो. ९८४१४९८७२४, ९८२७८६७२३५

**आयो करे यात्रा मंगलमय चारो धाम की**
यहि मिति २०८१/४/१६ गते बुधवार ३१ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।
**विशेष यात्रा सेवा ।** शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस । बद्रीनाथ र केदारनाथ समेत ।



टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।



**प्रो. पोषण प्रसाद साह**
जानकी चौक, जनकपुरधाम–१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। सजनी हमर ।।

हरियर सारी हरियर चुरी
हरियर बिन्दी लगौने छै
श्रावण महिना मे सजनी हमर
सोमवारी पवनि कैने छै
भोले नाथके सजनी हमर
खुव रिझौने छै
नै मगै अंधन सोना नै मगै
हिराके हार
कनिया हमर अतबै मगै छै
सदैव खुश रहे बाल बच्चा
और हमर सोहाग
सोमवारी पवनि कैने सजनी
फल फुल भाङ्ग बेलपत्रर
चढ़ौने छै
भोले नाथके सजनी हमर
खुव रिझौने छै
रिमझिम पानी परै छै सोमवारी
पवनि करै छै
कनिया हमर सास ससुर और
ननदके टहल टिपोरा करै छै
और केकरो सँ नै डरै छै
सोमवारी पवनि करै छै
भोलेनाथ सँ सजनी हमर सबलेल
दुवा मगै छै



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार, दोहा कतार**

## ।।चान्द्रमा को दृश्य।।

आजको यो चँन्द्रमा क्या राम्रो चम्किदैछ,
बादलको पछारी लाजले लुक्न खोज्दै छ !
मेरो मुटुको गह्राईमा आफ्नो सुन्दरताले प्रेम छरिदै आकाशको उचाइमा टल्किदै गरेछ ‼
जुनकिरीहरु आज चँन्द्रमाको
सुन्दरताले हर्षित भई रमाइलो गर्दै छन !
भोलिको घाम उदाउँनु भन्दा अघि आजको
शितल हावाको आनन्द लिदै छन !
आजको बिदाई र भोलिको पर्खाइ गर्दै जिव्जन्तु आआफ्नो घर फर्खिदै छन ‼
हेर्दा हेर्दै यो हावाको झोकाले ताराहरुले
भरिएको आकाशलाई सुक्खा मर्भुमी बनाउदै छ,
बिस्तारै बिस्तारै आकाशको बादल चँन्द्रमालाई
छोप्दै उस्को मुस्कान लग्दै छा।
यो कस्तो दृश्य हेर्दै छु म आज
चँन्द्रमाको प्रकाश का कारण यो अन्धयारो रात उज्यालो भाको रै छ ;
साथिको साथ, सँगै बिताएको पलको यादको बेग्लै आभाश भा को रै छ;
बटुल्दै ताराहरु झै छरिएका मेरा अनेकौ सपनालाई अब साकार गर्ने मेरो प्रयाश हुनेछ ।
चँन्द्रमा को रुप आज खास देख्दै छा।



**लेखक:-आदित्य झा**
**कक्षा:-१०**
**श्री राष्ट्रिय माध्यमिक बिद्यालय रुपैठ, बेल्ही**

## ।। मेरो विचार ।।

भन्नको लागि नेपाल कृषिप्रधान देश हो
तर यहाँ किसानलाई कुनै प्रकारको सर- सुविधा दिएको छैन।
नत राम्रो सिचाइको सुविधा छ नत राम्रो खाद्य व्यवस्थापन र बजारको व्यवस्था छा के भएछ ए सरकार यहाँ किन यति गाह्रो भएछ सबै कुरामा किन यति राजनीति लगाउनु पर्यो कृषिमा।
किन हामी नेपाली आफ्नो यत्रो राम्रो उब्जनी भएको जन्म भुमी छोडी अरु देश्को माटोमा रुचाउछौ।
पसिना बगाउछौ किन यहाँ कृषि बाट लाभ हुन सक्दैन ।
किन हमी अरुले फलाएको फल र अन्न खान्छौ।
किन आफ्नो जन्म भुमिमा मेहनत गर्न रुचाउदैनौ।
किन अरुको आसमा बसेको हुन्छौ।
मलाई लगछ पानीमा दोस्रो स्थानमा धनी रहेको देशमा किन सिचाइ को सुविधा छैन
व्यवस्थापन गर सरकार किनकी देशको पुरै मुल अर्थतन्त्र कृषि मै निर्भर छन, त्यसैले कृषि स्रोत साधनको व्यवस्थापन गर्दिदा देशमा उन्नति प्रगति ल्याउन सफ़ल हुन्छौं ।



**लेखक :- अनित कुमार मण्डल**
**जनकपुर ( लोहना-१५)**

## ।। हामी एक हौं।।

देश नेपाल ,पहिचान मधेशी
बन्नु छैनन् ..मलाई अंग्रेज तथा विदेशी धोती नै साना धोती मै हाम्रो जान मर्न सक्छु तर,बन्न सक्दैनन् हामी कसैको गुलाम ।
हाम्रो अनुहार एक होईन
रगत एक हो,हामी झुक्न चहान्छौ..यो सुन्दर देश नेपालको सामु अर्को देश होइन ।
हाम्रो देश चोरेको होइनन् ,सबैको सान रहेछ सबै मिलेर नेपाली आमालाई मनमा राखे हामी सबैको गौरव रहेछ ।
देश नेपाल पहिचान मधेसी बन्नु छैनन् ..मलाई अंग्रेज तथा विदेशी धोती नै सान धोती नै हाम्रो जान मर्न सन्छु तर,बन्न सक्दैनौ हामी कसैको गुलाम
यो सेतो रंगको धोती एउटा हातमा छाता र खुट्टामा कालो रंगको जुत्ता मधेसीको पहिचान रहेछ अंग्रेजले एक होईन नेपाललाई
समात्न कोसिस गरेको त्यपनी
हातमा आएन हाम्रो यो पुर्खाहरुको बदिलानी ...
रगत बन्छ भन्ने आफ्नै देशमा अंग्रेजमा होईन जान दिन चहान्छु यो सुन्दर देश
नेपाको सामु अर्को देशमा होईन ...



**नाम :पुजा कुमारी पंडित**
**क्याम्पस : जनकपुर नर्सिङ क्याम्प ज्नकपुरधाम**
**घर : जनकनन्दिनी गाउँपालिका -४ खजुरी**

## ।। राष्ट्रिय निर्माणमा युवाको भुमिका ।।

नेपाल हाम्रो राष्ट्र नेपाली हाम्रो पहिचान !
देशलाई जोगाउन युवाले गर्दै श्रृजनात्मक काम ‼
अलमस्त युवा हामी अब उठ्नुपर्छ सवै एक जुट भई !
देश निर्माणका लागि पुरुषार्थ गर्नुपर्छ एक डिक्का रहि ‼
प्रकृति झैं परिवर्तनका संवाहक युवा हामी !
बनौं कर्मठ , क्रान्तिकारी , ईमानदार र ज्ञानी ‼
युवाहरू नजागे मातृभुमि संकटमा पर्दैछ !
नेताहरु मिलिजुली देश बेच्ने विचार गर्दैछ ‼
समाजका युवाहरू रक्सी चुरोटमा हराए !
आमाबाबा नखाउ बाबु भन्दै दिनरात कराए ‼
आजका युवा तिमी भोलि देशको कर्णधार बन्नेछौं !
उल्लेखनीय काम गरि जन-जनको दिलमा बस्नेछौं ‼
बिदेश पलायन भए युवाहरु कति कति !
युवा नै हुन राष्ट्रियका अमुल्य सम्पत्ति ‼
युवा मलहमपट्टि गर देशको घाउ निको पार्न !
बुदापाका घरमा बसे अगाडि बद देशलाई सपार्न ‼
अब जागौं युवा शक्ति देशको निर्माणमा !
देश डुब्न लाग्यो अगाडि बद अभियानमा ‼
युवा देशका लागि विद्रोही बनी अगाडि सर्छ्न !
तर हन्टर खाई धुरु - धुरु रोई खाडीमा पर्छ्न ‼
युवा भविष्यको खोजी खाडीमा न गर !
आफ्नै देशमा पुरुषार्थ गरि देश कल्याणको काम गर ‼
जुटौ सबै युवा हामी काधँमा काँध मिलाएर !
देश बिकास गर्न वीर बनी भरोसा दिलाएर ‼



**लेखक : राजन दास**
**ठेगाना : सहिदनगर नगरपालिका**
**वार्ड न . ०८ बिसरभोरा, धनुषा , मधेस प्रदेश**

## ।। उडिरहेको चङ्गा ।।

मलाई आसमानको काखमा , हराउन देउ न आज
उमंगले भरेको यो निला संसारमा , घुम्न देउ न आज
एकदिन त उडदा उडदै ,
झर्नु नै छ त्यही फोहरमा , जमीनको तल
तैपनि सेता बादलहरुलाई पहिला चुमेर आउन देउ न ।
आफ्नो पर हल्लाएर गगन माथि, म सँगै उडदैछन्
ति चराहरु ,
खै प्रतिस्पर्धा गर्न आएका त होइनन् ?
एउटा जीवित चरो पनि , मेरो मित्र बन्न सक्छ र ?
एउटा निर्जिवित चङ्गाको मुटुले पनि मायाको ,
अर्थ बुझ्न सक्छ र ?
अँ, किन हैन र मित्र !
एकदिन यदि
बादल कराउने सँगै , वर्षातका पानी झर्न गएपछि ,
म भिजेर मर्ने छु कि ?
तिम्रा बचेराहरु आमाको राह ताक्ने छन् कि ?
ओधारोको खोजीमा तिमीआँधी सित लड्ने छौं कि ?
म तिम्रा लागि,
मागेर उधारो सास कसैसंग , भरेर आफू भित्र
भेटको आश बोकेर आउनेछु म कुनै एक दिन
तिम्रो ओधारोको नजिक ॥



**नाम : नरेन्द्र नाथ साह ( रिसु )**
**ठेगाना : औरही गा . पा. - ण्घ कपटौल**
**अध्यनरत : मोडेल मल्टिपल कलेज जनकपुर**
**( बाणिज्य संकाइ विद्यार्थी )**

## ।। यात्रानुभव ।।

मेरो एउटा काँधमा सपना,
छन् अर्कोमा जिम्मेवारी ।
सँगै बोकि छ गुड्न गाह्रो,
तर युक्तिपूर्ण यात्रा जारी ॥
जीवनपथमा काँडाकङ्कर,
हाँसीहाँसी बढ्छु निरन्तर ।
यो पथ कराउनेछ एकदिन,
आँशु मोती झारि झरझर ॥
मुस्कान छ बाहिरी आवरण,
पीडा मेरो लुकित अन्तरमन ।
मौनता छ मेरो आत्मशक्ति,
नम्रता मेरो नैतिक आचरण ॥
सागरको पानी सरल न बुझ,
लहर सुनामी क्रूर स्वभाव ।
म मानव, तिमी पनि मानव,
बुझ है कर्म निस्वार्थ भाव ॥
छोड्छन् अन्ततः मसानघाट,
प्रिय बन्धु आफन्त मलामी ।
मोह ममता सर्व बन्धन टुट,
सतकर्म सदा जीवन्त नामी ॥
जीवनलक्ष्य आनन्दरस पान,
यात्रानुभव अमूल्य सत्ज्ञान ।
सार्थी-मन, रथ-देह-नाश्वान !
म आत्मयात्री, वीर वलमान ॥



**लेखक: राम मण्डल**
**ठेगाना: लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा**
**धनुषा, नेपाल ।**

## ।। जन्म ।।

दिनहु जन्मिन्छ मर्छन पनि अनगिन्ती
दिनहुँ प्यासी भौतारिन्छन् मायाको लागि अविरल
जन्मे देखि वाल्यकाल सम्म आमा बुवा साथी
वाल्यकाल देखि यौवन अवस्था सम्म शिक्षाको बराती
यौवन देखी वृद्ध होउन्जेल कमाउने होडवाजी
जिवन के हो एकहोरो जेलनेल बुझ्नै अप्ठेरो
खानलाई पुग्दैन बात के मारौ
काम गर्दै निन्द्रा उड्या थाहै छैन
कोइ विदेशीदै कोइ स्वदेशी पुँजी मा भरपर्दै
महिला पुरुष को संगम विना बढदैन वंशावली
उनीहरुको भरनपोषण गर्दै वित्दै छ जिन्दगी
असल मित्रको खोजिमा आमाबुवालाइ विर्सदै छौ
रमाएको छौ संगहतिमा विग्रिदैछ दुनिया
निष्ठुरी को आशैमा
को अगाडि छ मुल्यांकन गर्न सक्दैनौ
सपनाको संसारमा डुली बस्याछौ
पैसा कमाउनेमा नै रमाउने परिश्रमी रे
मायाको भण्डार बोकि गल्लि गल्लि चहार्ने जोगी रे
भोगी पनि रमाउँदै जोगी पनि चुलबुलाउदै
इन्सानियत धर्म सेवाको मर्म
महिला पुरुष दुइ जातको उन्नत फल
समस्त जिवजन्तु मिलि बन्या संसार
एकअर्कामा भर पर्नै पर्ने
कर्मगर्दै जिउनु पर्छ सँगै
असल संगहति को मिठो प्रतिफल
गलत संगहति बाट हुन्छ हानी
मिलीजुली बनाउ असल जिन्दगानी



**प्रमोद राम**
**जनकपुरधाम ९**

## ।। हम्मर प्रेम ।।

हम हैंस हैंस क साथ देब आहाक ।
कहियो नै छोरब हाथ आहाक ॥
जहन पहिल बेर हम देख्लौ आहाक ।
मन त होई छल अप्पन बना लैतौ तखने आहाक ॥
हम हैंस हैंस ...............
एक आईर प खुशी भेटल, प्रेमक संसार मे सबटा दुख भुलाक ।
तहिये हम आहाक भगेलौ , मन मे सुन्दर सपना सजाक ॥
हम हैंस हैंस ...............
उहो एकटा दिन छल, जहन घर स स्कूल धैर पाछा कलौ आहाक ।
अप्पन माई बाप और समाजक सबटा डर भूलाक ॥
हम हैंस हैंस ...............
बिना आहाक याद केने हम, नै खेलौ पिलौ ।
की कहु, आहाक याद मे हम त सबटा भुला गेलौ ॥
हम हैंस हैंस ...............
मन छटपट करैय जहन नै होइय भेट आहा सँ ।
की करू , मन त होइय कलितौ विवाह आहा सँ ॥
हम हैंस हैंस ...............
कहियो नै.................



**रचनाकार : संतोष झा**
**ठेगाना :जनकपुरधाम-८**

## ।। यहाँ छ मेरो गाउ ।।

हिउँले ढाकेको, हरियालीले साजिएको,
दूरसम्म फैलिएको हिमालको काखमा,
शान्त, सौम्य, सरल जीवनको दृष्य।
यहाँ छ मेरो माया,
आमाको काखमा, बाको पाखमा,
शब्दले बयान गर्न नसक्ने,
माया, दया, प्रेमको गाथा।
यहाँ छ मेरो साथी,
जसले हाँसो र आँसु साट्छ,
मनको गहिराईमा बसेको,
अनन्त सम्झनाको बाटोमा।
यहाँ छ मेरो सपना,
जसले आकाशलाई छोएको,
सफलता र संघर्षको कथा,
जीवनको हर मोडमा।
यहाँ छ मेरो नेपाल,
शान्ति, प्रेम र समृद्धिको देश,
जहाँ हर मुटुमा बसेको,
एक सुन्दर भविष्यको आशा।



**लेखक विवेक साह जनकपुरधाम ४ डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ (६ सेमेस्टर)**

## ।। श्रावण को महिना ।।

श्रावणको महिना, हरियालीले ढाक्यो
वनपाखामा रमझम, सुन्दरताले सजायो।
मलामीको गीत, झरनाको संगीत
धरतीको हृदयमा, नयाँ आशा पलायो।
पवित्र र पावन, यो महिना अचम्मको
श्रद्धा र भक्ति, हर मनमा बस्यो।
मेघको गर्जन, बर्सेको अमृत
पानीले भिजायो, सारा जगत।
तीजको रौनक, सिन्दूरको चमक
नारीहरूको खुशी, सिन्दूरको धमक।
शिवजीको पूजा, मनको कामना
श्रावणको महिमा, हर कोनेमा फैलियो।
हरेक श्रावण, नयाँ सुरुवात
सपना र आशा, नयाँ उज्यालो साथ।



**लेखक:रशमी दनुवार**
**मोरङ्ग नेपाल**

## ।। प्रमको एक झलक ।।

मेघ मदमस्त अपार सम्भावना ,
जीवन कृत्रिम संचारित असफलता !
मेघजस्तै घनघन गर्ने घनाटित घन,
चुलबुल बुरुक्क उफ्रिएझैं उफ्रन्छ यो मन,
समृद् सँगै हिँडिएको त्यो धारा, कतै गयो कि ?
छन् छन् छनाटित छन् उग्र भएर हिँड्दै छ नि,
सौभाग्य उदारिता भट्कन् मन मेरो ,
रसिएको त्यो मायामा भट्किएको संग तेरो ।
इजोरिया बाटे (बाट) दखन् जात् बा् !
धमिराले खाएको त्यो बाटो म हेर्दै छु बा!
छलछल छल्कएको त्यो एक झलक,
सधैंझैं यस्तै रहो ।
द्रष्ट द्रष्टान्ता अहम् सुख्खौ सुखी प्राप्तीः।
सबकुछ मिलन जावत् आवत् नाही कुछो!
द्रष्टमिले मिले जो मन दुःखी पीडाको व्यथा ।



**लेखक:-अमन कुमार साह**
**ठेगाना:-महालक्ष्मी ८,ललितपुर**

## ।। घटिया राजनिती ।।

जनता जान के आहुति देलकै
नेताज्यू सब कुर्सी पकरलकै॥१॥
एमहर बस त्रिशूली मे गेलै
ओमहर सरकार सपथ लेलकै॥२॥
देशके हालत देख युवा बाहर गेलै
विदेशी आदमी देश लुटलकै ॥३॥
कृपावाद, आशिर्वाद, नातावाद
चैल गेलै देश दोसर के हाथ॥४॥
जनताला नेता भेलै कि नेताला जनाता?
ईहे बात सोचै छि हम उज्ज्वल अकेला



**लेखक: उज्जवल झा**
**शिक्षा: स्नातक तेस्रो वर्ष जारी**
**अस्थायी ठेगाना: जनकपुरधाम**

# निजी क्षेत्रको माग सम्बोधन गर्न सरकार प्रतिबद्ध छ : अर्थमन्त्री

काठमाण्डु । उपप्रधान एवं अर्थमन्त्री पौडेलले निजी क्षेत्रको माग सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ । अर्थ मन्त्रालयमा शुक्रबार नेपाल चेम्बर अफ कमर्सले नवनियुक्त अर्थमन्त्री पौडेललाई बधाई तथा शुभकामना दिने क्रममा उहाँले निजी क्षेत्रको माग सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको हो ।



वर्तमान सरकार राजनीतिक र आर्थिक स्थिरताका लागि गठन भएको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले शिथिल अर्थतन्त्रलाई चलायमान बनाउन सरकार प्रयासरत रहेको बताउनुभयो । उहाँले भन्नुभयो, “सरकारप्रति आशा र भरोसा गर्नुहोस्, तत्काल गर्न सकिने काम यो वर्ष र बाँकी विषयहरु बजेटमै सम्बोधन गरेरै भए पनि निजी क्षेत्रको मागलाई सम्बोधन गर्छौं ।”

चेम्बर अफ कमर्सले नीतिगत स्थायित्व र अर्थतन्त्रलाई चलायमान बनाउन ४० बुँदे सुझावसहित चेम्बर कार्यसमितिले अर्थमन्त्री पौडेलसमक्ष सिंहदरबारमा भेटवार्ता गरेको हो । सो अवसरमा अध्यक्ष कमलेशकुमार अग्रवाल सहितको चेम्बर केन्द्रीय कार्य समितिले नवनियुक्त अर्थमन्त्री पौडेललाई बधाई एवं सफल कार्यकालको शुभकामना दिनुभयो ।

आर्थिक गतिविधिमा आएको सङ्कुचनले माग र आपूर्तिबीच असन्तुलन, निजी क्षेत्रको सम्पत्तिमा सङ्कुचन एवं बैङ्क तथा वित्तीय संस्थामा तरलता भए पनि निजी क्षेत्रमा लगानीप्रति आकर्षण नभएकोप्रति चेम्बर अध्यक्ष अग्रवालले अर्थमन्त्री पौडेलको ध्यानाकर्षण गराउनुभयो । उहाँले भन्नुभयो, “अर्थतन्त्र शिथिलताबाटै ग्रुज्रिरहेको छ । आर्थिक र वित्तीय क्षेत्रको निकासका लागि नीतिगत स्थायित्व र सरकारी संरक्षणको आवश्यकता छ, ।”

कालोसूचीमा पर्न लागेका उद्यमी-व्यवसायीलाई उद्योग-व्यवसायको प्रकृति हेरेर आवश्यकताअनुसार बैङ्क तथा वित्तीय संस्थासँगको आपसी विश्लेषणबाट केही समयका लागि कर्जाको पुनःतालिकीकरण गर्न समेत चेम्बरले सरकारको ध्यानाकर्षण गराएको छ ।

रासस

# ‘अर्थतन्त्रलाई सुदृढ बनाउनु सरकारको मुख्य ध्येय’

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले जनतामा रहेको निराशा चिरेर अर्थतन्त्रलाई सुदृढ बनाउनु नै आफू नेतृत्वको सरकारको प्रमुख ध्येय भएको बताउनुभएको छ ।नेपाल उद्योग परिसङ्घका पदाधिकारीसँग शुक्रबार भएको छलफलमा प्रधानमन्त्री ओलीले मुलुकमा देखिएका समस्या समाधान र केही परिवर्तनकारी काम गर्नका लागि आफ्नो नेतृत्वमा नयाँ सरकार गठन भएको प्रस्ट पार्नुभयो ।नेपाल कम्युनिष्ट पार्टी (एमाले)काअध्यक्षसमेतरहनुभएका ओलीलेपदका लागि मात्रै आफूपुनः प्रधानमन्त्री जिम्मेवारीमा नआएको बताउँदै भन्नुभयो, “म यसअघि नै प्रधानमन्त्री बनिसकेको हो, पदका लागि मात्रै पुनः जिम्मेवारीमा आएको होइन, केही न केही नयाँ काम गरौँ, मुलुकको समस्या समाधानमा योगदान गरौँ भनेर जिम्मेवारी लिएको हो ।”प्रधानमन्त्री ओलीले अर्थतन्त्रलाई सुदृढ र चलायमान बनाउनेतर्फ सरकारको विशेष रुचि र ध्यान रहेको बताउनुभयो । “विद्यमान समस्या समाधान तथा अर्थतन्त्रलाई सुदृढ बनाउनु नै वर्तमान सरकारको प्रमुख ध्येय हो, म प्रधानमन्त्री बन्नका लागि मात्र आएको होइन,” प्रधानमन्त्री ओलीले भन्नुभयो, “देशमा रहेका समस्याको समाधान गर्न र परिवर्तनका लागि काम गर्नैपर्छ भन्ने दृढतासहित आएको हुँ, त्यसैले निजी क्षेत्रले यो सरकारप्रति आशा, भरोसा राखेर सँगसँगै मिलेर काम गर्नुपर्छ ।”

नेपाल राष्ट्र बैङ्कले ल्याउन लागेको मौद्रिक नीति कठोर नहुने सङ्केत गर्दै उहाँले अर्थतन्त्रलाई चलायमान बनाउन मौद्रिक नीति कठोर हुन नहुने स्पष्ट पार्नुभयो ।प्रधानमन्त्रीसँगको भेटमा परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले विगत तीन वर्षदेखि शिथिल अर्थतन्त्रलाई उकास्न उच्च प्राथमिकताका साथ काम गर्न प्रधानमन्त्रीसँग निजी क्षेत्रका तर्फबाट आग्रह गर्नुभयो ।अध्यक्ष अग्रवालले उत्पादनशील र निर्माण क्षेत्र बढी प्रभावित हुँदा बाह्य क्षेत्र उत्साहजनक भए पनि आन्तरिक अर्थतन्त्र अझै समस्यामा रहेको तथ्यसहित अग्रवालले निजी क्षेत्रको मनोबल बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले मौद्रिक नीतिमार्फत शिथिल रहेको अर्थतन्त्रलाई चलायमान बनाउन सक्नुपर्ने धारणा पनि अग्रवालले राख्नुभयो ।रासस

# के छ प्रधानमन्त्रीलाई एमालेले दिएको सुझावमा ?

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले प्रधानमन्त्री केपी शर्मा ओलीलाई शुक्रबार दिएको सुझावपत्रमा नेपाल सरकारले तत्काल चाल्नुपर्ने कदम र आगामी तीन वर्षभित्र गर्नुपर्ने कामको सूचीसहित विस्तृत विषय समावेश गरिएको छ ।



एमालेका महासचिव शङ्कर पोखरेल नेतृत्वको टोलीले शुक्रबार एमालेका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीलाई सिंहदरबारमा भेटी आज सुझावपत्र बुझाएको हो ।

सुझावपत्रमा सुशासन, विकास निर्माणका काममा तीव्रता, रोजगारी सिर्जना, आर्थिक शिथिलताको अन्त्य, अर्थतन्त्र चलायमान बनाउँदै उच्च आर्थिक वृद्धि हासिल गर्ने विषय, सेवाप्रवाहमा सहजता र झण्झटिलो प्रशासनिक प्रक्रियालाई अन्त्य गर्ने विषय तथा सामाजिक न्याय र सुरक्षाका विषयहरू विषय रहेका छन् ।

यस्तै झुलाघाट-चिवाभञ्ज्याङ सङ्कल्प यात्राका क्रममा प्राप्त भएका सुझावदेखि जनतामा कायम रहेको निरासा चिर्न तथा आर्थिक क्षेत्रलाई चलायमान बनाउनका लागि सरकारले गर्नुपर्ने कामलाई समेटिएको छ ।

नेपाली कांग्रेससँग गत असार १७ गते भएको सहमतिपछि अध्यक्ष ओली गत असार ३० गते प्रधानमन्त्रीमा नियुक्त हुनुभन्दा डेढ साता अगावै एमालेले गत असार २१ गते ओली नेतृत्वको सरकारले आगामी तीन वर्षभित्र गर्नुपर्ने कामका विषयमा सुझाव दिन उपमहासचिप प्रदीप ज्ञवालीको संयोजकत्वमा कार्यदल गठन गरेको थियो ।

कार्यदलले पार्टीका विभिन्न २८ विभागसँग सरकारले गर्नुपर्ने कामका विषयमा सुझावसहित प्रतिवेदन मागेको थियो । सोही प्रतिवेदनको आधारमा एमालेले सरकारलाई सुझावपत्रदिएको हो उपमहासचिव ज्ञवालीका अनुसार असार २१ गते बसेको पार्टी केन्द्रीय विभागहरूको बैठकले दिएको सुझावका आधारमा प्रधानमन्त्रीलाई १० ठोस कार्यक्रमसहित ३१ बुँदे सुझाव बुझाइएको छ ।

उक्त बैठकले सात दिनको समय सीमा तोकेर प्रधानमन्त्रीलाई सुझाव दिन विभागहरूलाई निर्देशन दिएको थियो ।

एमालेले यसै वर्षको बजेटको दायराभित्र सञ्चालन गर्न सकिने कार्यक्रमहरू, सम्बन्धित मन्त्रालयमा गर्नुपर्ने नीतिगत र कानुनी सुधारहरू, हाल संसद्मा विचाराधीन सम्बद्ध मन्त्रालयसँग सम्बन्धित विधेयकको अवस्था र त्यससम्बन्धी दृष्टिकोण, निर्वाचन घोषणापत्र २०७९ मा त्यस क्षेत्रसँग सम्बन्धित पार्टीका मुख्य प्रतिबद्धताहरू, सम्बन्धित मन्त्रालयबाट हुने सेवा प्रवाह र विकास निर्माणमा देखा परेका मुख्य अवरोध र समाधानका उपाय तथा महिला, युवा, सहरी जनमत, प्रवासी नेपाली र भूमिहीन लगायतलाई आकर्षित गर्न सकिने नयाँ र सिर्जनशील कार्यक्रमलगायत विषय सुझावमा समावेश गरिएका छन् ।रासस

# ‘सडक यात्रालाई सुरक्षित बनाउन विलम्ब नगरौं’

काठमाण्डु । राष्ट्रियसभाका सांसदहरूले सडक दुर्घटनाका कारण बर्सेनि ठूलो संख्यामा नागरिकले ज्यान गुमाएकामा चिन्ता व्यक्त गर्दै सडक यात्रालाई सुरक्षित बनाउन विलम्ब गर्न नहुने बताउनुभएको छ । सभाको शुक्रबारको बैठकको ‘प्रादेशिक सरोकार’ समयमा उहाँहरूले सडक दुर्घटना न्यूनीकरणका लागि नयाँ योजना ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो । सडक यात्रालाई सुरक्षित बनाउन राष्ट्रले नयाँ ढङ्गले सोच्नुपर्नेमा उहाँहरूको जोड थियो ।



नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद उर्मिला अर्यालले सुरक्षित यात्राका लागि बाढी र पहिरोले प्रभाव नपर्ने गरी राजमार्ग, सडक वा बाइपास निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

सडक सुरक्षालाई राज्यले पहिलो प्राथमिकता दिनुपर्नेमा जोड दिनुहुँदै उहाँले नेपालका हरेक राजमार्गमा ३० मिनेटभित्र पुग्न सक्ने गरी स्वास्थ्य संस्थाको विकास गर्न सुझाव दिनुभयो । “निर्माण कार्यका लागि असार कुर्ने ठिक होइन, चैत्र मसान्तमा काम सम्पन्न गर्ने र वैशाख मसान्त अगाडि मापदण्डअनुसार बनेको/नबनेको जाँच सरकारले गर्नुपर्ने हुन्छ । यात्रुको सुरक्षालाई केन्द्रमा राखेर सडक बनाउनुपर्ने आवश्यकता छ”, उहाँले भन्नुभयो ।

माओवादी केन्द्रका सांसद सुरेशकुमार आले मगरले मुग्लिन-नारायणगढ सडक जोखिमपूर्ण भएको भन्दै वैकल्पिक सडक निर्माणका लागि सुझाव दिनुभयो । “त्रिशूली पारि तनहुँ जिल्ला हुँदै वैकल्पिक सडक निर्माण गर्नेतर्फ सरकारको ध्यान जाओस्, मुग्लिन-पोखरा सडक विस्तारलाई छिटो सम्पन्न गर्न सरकारले प्रभावकारी कदम चाल्नुपर्छ”, उहाँले भन्नुभयो ।

नेपाली कांग्रेसका सांसद कृष्णबहादुर रोकायले कर्णाली प्रदेशका विभिन्न स्थानमा प्राकृतिक प्रकोपका कारण प्रभावितको पुनःथापनाका लागि सरकारको ध्यानार्कषण गराउनुभयो । भूकम्प, बाढी र पहिराका कारण कर्णालीका विभिन्न जिल्ला उच्च जोखिममा रहेको उल्लेख गर्नुहुँदै उहाँले जोखिममा रहेका बस्ती स्थानान्तरण गर्न माग गर्नुभयो । “रुकुम पश्चिमका आठबिसकोट र मुसिकोट नगरपालिका तथा बाँफिकोट गाउँपालिका धेरै घरपरिवार बाढिपहिराका कारण विस्थापित भएका छन्, यहाँका बस्ती अझै उच्च जोखिममा रहेका छन्”, उहाँले भन्नुभयो, “स्थानीय सरकारले आफ्नो स्रोत साधनले भ्याएसम्म सर्तकता अपनाइरहेका छन् तर उच्च जोखिममा रहेका एक हजार छ सय ६१ घरपरिवारलाई तत्काल सुरक्षित ठाँउमा स्थान्तरणको व्यवस्था गरिनुपर्छ ।”

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद सोनाम ग्याल्जेन शेर्पाले व्यवस्थित बस्ती विकासका लागि विशेष योजना ल्याउन सरकारलाई सुझाव दिनुभयो ।

उहाँले विकासका नाममा डोजर लगाउँदा पहाडी क्षेत्रमा पहिरोको जोखिम बढेको उल्लेख गर्नुहुँदै भौगोलिक अवस्थालाई ख्याल गरेर पूर्वाधार निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । जलवायु परिवर्तनका कारण पनि विपद्का घटना बढ्न थालेका सुनाउँदै उहाँले भन्नुभयो, “विपद् जोखिम न्यूनीकरणका लागि सूचना प्रणालीलाई भरपर्दो र व्यवस्थित बनाउनुपर्छ ।”

कांग्रेस सांसद किरणबाबु श्रेष्ठले पर्यटनको राजधानी मानिएको गण्डकी प्रदेशलाई शिक्षा, स्वास्थ्य, आध्यात्मिक साधना तथा खेलकुदको अन्तर ाष्ट्रिय केन्द्रका रूपमा विकास गर्न सकिने बताउनुभयो । उहाँले लगानीमैत्री वातावरण बनाई लगानीकर्तालाई आकर्षित गर्नुपर्नेमा जोड दिनुहुँदै त्रिवेणीदेखि कोरला नाकासम्मको सडक निर्माण गरी सिङ्गो मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन सकिने बताउनुभयो ।

जनता समाजवादी पार्टी नेपालका सांसद मोहम्मद खालिदले सङ्घीयता कार्यान्वयनका लागि प्रदेशलाई अधिकार सम्पन्न बनाइनुपर्ने बताउनुभयो । “सङ्घको बजेट बढ्नु तर प्रदेशको बजेट घटनु राम्रो होइन ।

संविधानको धारा ५६ ले प्रदेशलाई दिएको अधिकार कार्यान्वय जरूरी छ”, उहाँले भन्नुभयो, “आज प्रदेशको अवस्था पञ्चायतको जिल्ला विकास समिति, पञ्चायतभन्दा माथि छैन । त्यसलाई अधिकार सम्पन्न बनाउन र आवश्यक ऐन कानुन परिमार्जनमामा नवगठित सरकारले ध्यान दिने अपेक्षा गरेको छु ।”

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद जयन्ती राईले वर्षायाममा प्रकोपबाट सम्भावित जोखिम न्यूनीकरणका लागि पूर्वतयारी गर्न ध्यानार्कषण गराउनुभयो । उहाँले नेपाली महिलालाई वैदेशिक रोजगारको प्रलोभनमा अवैधानिक रूपमा प्रतिबन्धित मुलुकमा पठाउने दलालको सक्रियता बढेको भन्नुहुँदै कारबाहीका लागि सरकारको ध्यानार्कषण गराउनुभयो । सांसद राईले विदेशमा अलपत्र परेका नेपाली श्रमिकको उद्धारमा तत्काल पलह थाल्न सरकारसँग आग्रह गर्नुभयो ।

एमाले सांसद तुलसाकुमारी दहालले कैलालीको धनगढी उपमहानगरपालिकाफुलबारीनिवासी श्याम आले मगर र दाङ तुलसीपुर उपमहानगरपालिकाको लालुमाया थापामगर कुवेतमा अलपत्र परेकाले उद्धारकालागिसरकारकोध्यानार्कषण गराउनुभयो ।माओवादी केन्द्रका सांसद विष्णुबहादुर विश्वकर्माले बाढीपहिराबाट जनधनसँगै खेतीबालीको पनि क्षति भएकाले खाद्यान्न अभाव हुन सक्नेतर्फ सचेत हुनुपर्ने बताउनुभयो । “बाढी, पहिरो र चट्याङले अन्नबाली, घरखेत नष्ट पारेका कारण यस वर्षको उब्जनीमा हानी हुने निश्चित छ, सरकारले नागरिकलाई राहत स्वरुप समयमा खाद्यान्नको व्यवस्था गराउनुपर्छ”, उहाँले भन्नुभयो ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद शेखरकुमार सिंहले किसानलाई समयमै सिँचाइको व्यवस्था र मलबीउ उपलब्ध गराउन माग गर्नुभयो । एकीकृत समाजवादीका सांसद उदयबहादुर बोहराले प्राकृतिक विपत्तिले ल्याउन सक्ने चुनौतीलाई सम्बोधन गर्न पूर्वतयारीका कामलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।रासस

# बङ्गलादेशमा रहेका नेपालीबारे परराष्ट्रमन्त्री डा राणाको चासो

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले शुक्रबार बङ्गलादेशस्थित नेपाली राजदूत घनश्याम भण्डारीसँग त्यहाँ विकसित पछिल्लो घटनाक्रम र नेपाली विद्यार्थीको अवस्थाबारेमा जानकारी लिनुभएको छ ।



मन्त्री डा राणाले शुक्रबार राजदूत भण्डारीलाई टेलिफोन सम्पर्कगरी त्यहाँ रहेका नेपाली विद्यार्थी एवं अन्य नेपाली नागरिकको अवस्थाका बारेमा जानकारी लिनुभएको हो । त्यसक्रममा उहाँले नेपालीहरूलाई कुनै अप्ठ्यारो हुन नदिन र सुरक्षित तवरले आआफ्ना स्थानमा रहने वातावरणका लागि आवश्यक समन्वय गर्न निर्देशन दिनुभएको परराष्ट्रमन्त्री डा राणाको सचिवालयले जनाएको छ।राजदूत भण्डारीले त्यहाँ सबै नेपाली सुरक्षित रहेका र उनीहरुलाई सुरक्षित रहन, अत्यावश्यक कामबाहेक आफू बसेको स्थानबाट बाहिर ननिस्कन तथा आफ्ना क्याम्पस प्रशासनको निर्देशन पालना गर्न सूचित गरिएको जानकारी गराउनुभएको थियो ।

यस्तै त्यहाँ रहेका नेपाली विद्यार्थीलाई कुनै अप्ठ्यारो परेमा सम्पर्कका लागि दूतावासका दुई जना अधिकारीको सम्पर्क नम्बर दिइएको तथा नेपाली विद्यार्थी अध्ययन गर्ने कलेज प्रशासनसँग दूताबास निरन्तर सम्पर्कमा रहेको जानकारी राजदूत भण्डारीले दिनुभयो । बङ्गलादेशमा केही दिन यतादेखि विद्यार्थीहरुले सडक प्रदर्शन गरिरहेका छन् ।रासस

# संसद् भवन निर्माण शीघ्र सम्पन्न गर्न सभामुख घिमिरेको निर्देशन

काठमाण्डु । सभामुख देवराज घिमिरेले सिंहदरबारस्थित निर्माणाधीन संसद् भवनको काम सन्तोषजनक नभएको बताउनुभएको छ । तीन वर्षमा सक्ने गरी २०७६ असोज १६ गते निर्माण व्यवसायीसँग सम्झौता भएको संसद् भवनको काम समयमा सम्पन्न नभएपछि शुक्रबार उहाँले सिंहदरबारमा सरोकार भएका निकायका अधिकारीहरुलाई बोलाएर जानकारी लिनुभएको हो । यसअघि निर्माणाधीन संसद् भवनका १२ वटै संरचना मङ्सिर मसान्तसम्म सकेर आगामी हिउँदे अधिवेशन आफ्नै भवनमा गर्ने भनी ‘माइन्युट’ गरिएकाले त्यसैअनुरुप गर्न सभामुख घिमिरेले निर्देशन दिनुभयो । “भवनमा अहिले सात इञ्चको टेलिभिजन स्क्रीन राखिएको रहेछ, बजारमा १५ इञ्चसम्मको स्क्रीन आइसकेको छ, ठूला स्क्रीनमा अक्षर पनि ठूला आउँछ, यस विषयमा ध्यान पुऱ्याउनुपर्छ, भवन निर्माण प्रगतिका बारेमा एक महिनापछि फेरि समीक्षा बैठक हुन्छ, अब थपिएको समयमा सक्नेगरी काम हुनुपर्छ”, उहाँले भन्नुभयो ।



बैठकमा राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले भवनको म्याद सकिएपछि थप्ने आधार प्रष्ट हुनुपर्ने उल्लेख गर्नुहुँदै संसद् भवन अन्तर्राष्ट्रिय छविको राष्ट्रिय सम्पत्ति भएकाले आकर्षक रुपमा साजसजावट गरि नुपर्ने बताउनुभयो । सात इञ्चको टेलिभिजन स्क्रीनमा सांसदको टाउको पनि नदेखिने भएकाले त्यसमा पुनर्विचार गरिनुपर्ने उहाँको भनाइ थियो । अनामनगरतिरको ढोकाबाट सांसदको प्रवेश गराउने भनिएकाले एकैपटक सयौँ गाडी प्रवेश गर्दा त्यस क्षेत्रमा हुने जामका विषयमा अहिले नै सोच्नुपर्नेमा अध्यक्ष दाहालले जोड दिनुभएको थियो । उपप्रधान एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले संसद् भवन राष्ट्रिय प्राथमिकताको आयोजना भएकाले यसको काम गुणस्तरीय रुपमा समयमै सकिनुपर्ने बताउनुभयो । निर्माण व्यवसायीले ठेक्का लिइसकेपछि काममा ढिलाइ गर्ने गरेकाले समस्या आएको उल्लेख गर्नुहुँदै उहाँले समस्या समाधानका लागि सरोकार भएका निकायको ध्यान जानुपर्नेमा जोड दिनुभयो ।उपसभामुख इन्दिरा रानाले संसद् भवनको आन्तरिक साजसजावटमा सम्झौता बाहिरका सामग्री राखिनु नहुने बताउनुभयो । तोकिएका समयमा गुणस्तरीय रुपमा काम सम्पन्न गरिनुपर्ने उहाँको भनाइ थियो ।

राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले मङ्सिरसम्म संसद् भवन निर्माण सम्पन्नगरी हिउँदे अधिवेशन त्यहीँबाट गरिनुपर्नेमा जोड दिनुभयो । सहरी विकास मन्त्रालयका सचिव मणिराम गेलालले आगामी हिउँदे अधिवेशनसम्म प्रतिनिधिसभा र राष्ट्रियसभाका भवन सक्नेगरी काम गरिने बताउनुभयो । निर्माण व्यवसायीलाई दैनिक रु पाँच सय कामदार लगाएर काम गर्न निर्देशन दिए पनि हाल करिब एक सय ५० ले मात्र काम गरिरहेको जानकारी पनि उहाँले दिनुभयो ।

सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयका आयोजना निर्देशक मचाकाजी महर्जनले हालसम्म ८१.५ प्रतिशत भौतिक र ७० प्रतिशत वित्तीय प्रगति भएको जानकारी दिनुभयो । आयोजनाका सबै काम सम्पन्नगरी हस्तान्तरण गर्न २०८१ चैत १८ गतेसम्मको समय थप गरिएको जानकारी पनि उहाँले दिनुभयो ।रासस

# कृषिप्रधान देशमा सिँचाइको अभाव हुन दिनुहुँदैनः मन्त्री खड्का



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले कृषिप्रधान देशमा सिँचाइको अभाव हुन दिन नहुने बताउनुभएको छ । सिँचाइ विभागले नवनियुक्त मन्त्री खड्काको स्वागतमा शुक्रबार आयोजना गरेको ‘बधाई तथा सम्मान’ कार्यक्रममा मन्त्री खड्काले सिँचाइको उचित व्यवस्थापन गरेर कृषि उत्पादनमा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

“कृषि क्षेत्रमा कसरी उत्पादन बढाउन सकिन्छ, त्यसको सोच बनाउन जरुरी छ, सिँचाइ नपुगेका ठाउँमा सिँचाइ पुऱ्याउनुपर्छ”, उहाँले भन्नुभयो । मन्त्री खड्काले वर्षात्मा बाढी र पहिरोका कारण ठूलो क्षति हुने भएकाले त्यसको समाधानमा विभाग चनाखो हुनुपर्ने उल्लेख गर्नुभयो ।

ऊर्जामन्त्री खड्काले बर्खाको पानीलाई सही सदुपयोग गर्न सके कृषि क्षेत्रमा सहयोग पुग्नसक्ने बताउनुभयो ।

उहाँले कतिपय आयोजनाहरु लामो समयसम्म सम्पन्न नभएको भन्दै कार्यान्वयन हुनेगरी आयोजनामा लगानी गर्नुपर्ने बताउनुभयो ।

मन्त्रालयकी सचिव सरिता दवाडीले देशको आर्थिक विकासको मेरुदण्ड कृषि क्षेत्र भएकाले कृषिलाई अगाडि बढाउन सिँचाइलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । उहाँले १५ लाख ५० हजार हेक्टर जमिनमा सिँचाइको पूर्वाधार विकास भएपनि १० लाख क्षेत्रफलमा पूर्वाधार विकास हुन बाँकी रहेको बताउनुभयो ।

सिँचाइ विभागका महानिर्देशक सञ्जीव बरालले छ वटा राष्ट्रिय गौरवका आयोजनालाई सिँचाइ विभाग अगाडि बढाएको जानकारी दिनुभयो ।

उहाँले सिँचाइका योजनालाई समयमै सम्पन्न गर्न सके नेपालको सिँचाइ क्षेत्रले फड्को मार्ने उल्लेख गर्नुभयो । विभागले ‘डिप ट्युबेल’मार्फत तीन लाख १८ हजार हेक्टर जमीनमा सिँचाइको व्यवस्था गरेको उहाँले जानकारी दिनुभयो ।रासस


# 'माइक्रोसफ्ट एज्योर'मा समस्या आउँदा उडानमा विश्वव्यापी समस्या

एएफपी

पेरिस । शुक्रबार विश्वव्यापी कम्प्युटर प्रणालीमा ठूलो अवरोध उत्पन्न हुँदा संयुक्त राज्य अमेरिकामा उडानहरू अवरुद्ध भएका थिए भने बेलायतमा टेलिभिजन प्रसारणहरू अवरुद्ध भएका थिए र अस्ट्रेलियामा दूरसञ्चार सेवा नै प्रभावित भए ।

'माइक्रोसफ्ट एज्योरमा देखिएको प्राविधिक समस्या' का कारण विश्वव्यापी रूपमा उडानमा ढिलाइ वा अवरोधहरू भएको हुनसक्ने फ्रान्स, बेलायत, संयुक्त राज्य अमेरिका, भारतलगायतका प्रसिद्ध विमान कम्पनीहरूले शुक्रबार जानकारी गराएका छन् । माइक्रोसफ्ट एज्योर वा जस्ट एज्योर, माइक्रोसफ्टद्वारा विकसित क्लाउड कम्प्युटिङ प्लेटफर्म हो र यसले व्यक्ति, कम्पनी र सरकारलाई अनुप्रयोग र सेवाहरूको व्यवस्थापन, पहुँच र विकास प्रदान गर्दछ ।अमेरिकी संघीय उड्डयन प्रशासनका अनुसार डेल्टा, युनाइटेड र अमेरिकन एयरलाइन्सलगायत प्रमुख अमेरिकी वायु सेवा प्रदायक कम्पनीहरूले सञ्चारको समस्याका कारण शुक्रबार सबै उडानहरू ग्राउन्डेड गरेका थिए ।

जर्मनीको बर्लिन ब्रान्डेनबर्ग विमानस्थलमा 'प्राविधिक समस्या' का कारण उडान स्थगन गरिएको एक प्रवक्ताले एएफपीलाई बताउनुभयो । "चेक-इन गर्न ढिलाइ भएको छ, र उडानहरू स्थानीय समयानुसार बिहान ८:०० बजेसम्म रद्द गर्नुपरेको छ," उहाँले बताउनुभयो । स्पेनका सबै विमानस्थलमा 'आइटी आउटेज'का कारण 'व्यवधान' उत्पन्न भएको र यसले शुक्रबार विश्वभरका कैयौं कम्पनीहरूलाई प्रभावित पारेको विमानस्थल सञ्चालक आइनाले बताउनुभएको छ । हङकङको विमानस्थलले पनि केही एयरलाइन्स प्रभावित भएको बताएको छ र अवरोधलाई माइक्रोसफ्ट आउटेजसँग जोडेको छ ।



बेलायतको सबैभन्दा ठूलो रेल अपरेटरले आईटी समस्याहरूको कारण सम्भावित रेल रद्द हुने चेतावनी दिएको छ । अनलाइन पोस्ट गरिएका फोटोहरूमा अष्ट्रेलियाको सिड्नी विमानस्थलमा ठूलो लाइन लागेको देखाइएको छ ।सिड्नी विमानस्थलका प्रवक्ताले भन्नुभयो, "अहिले उडानहरू आइरहेका छन् र प्रस्थान गरिरहेका छन् तर साँझसम्म केही ढिलाइ हुन सक्छ ।"

"हामीले हाम्रा एयरलाइन साझेदारहरूसँग हाम्रो आकस्मिक योजनाहरू सक्रिय गरेका छौं र यात्रुहरूलाई सहयोग गर्न हाम्रो टर्मिनलमा थप कर्मचारीहरू तैनाथ गरेका छौं।"अस्ट्रेलियाको राष्ट्रिय साइबर सुरक्षा संयोजकले 'थर्ड पार्टी सफ्टवेयर प्लेटफर्म'को समस्याका कारण ठूलो परिमाणमा प्राविधिक अबरोध भएको र ह्याकरको संलग्नताबारे अहिलेसम्म कुनै जानकारी नआएको बताउनुभयो। बेलायतको स्काई न्यूजले यस गडबडीका कारण बिहानको समाचार प्रसारण बन्द भएको जनाएको छ भने अस्ट्रेलियाली प्रसिद्ध टेलीभिजन (एबिसी) ले पनि ठूलो 'आउटेज' भएको जनाएको छ ।

अस्ट्रेलियाको सबैभन्दा ठूलो सुपरमार्केट चेनमध्ये एकमा केही सेल्फ चेकआउट टर्मिनलमा अवरोध आएको थियो । न्युजिल्याण्डका सञ्चार माध्यमका अनुसार देशको संसदभित्र रहेका बैंक तथा कम्प्युटर प्रणालीमा समस्या आएको बताएका छन् । अस्ट्रेलियाली दूरसञ्चार कम्पनी टेल्स्ट्राले माइक्रोसफ्ट र साइबर सुरक्षा कम्पनी क्राउडस्ट्राइकले उपलब्ध गराएको 'विश्वव्यापी समस्या'का कारण विद्युत् आपूर्ति बन्द भएको जनाएको छ ।

माइक्रोसफ्टले विभिन्न माइक्रोसफ्ट ३६५ एप्स र सेवाहरूमा पहुँच गर्ने प्रयोगकर्ताहरूको क्षमतामा असर पार्ने समस्याको अनुसन्धान गरिरहेको बताएको छ । माइक्रोसफ्टले आफ्नो पछिल्लो अपडेटमा भनेको छ, "हामी समस्यालाई कम गर्न प्रभावित ट्राफिकलाई वैकल्पिक प्रणालीमा पुनः पठाउन काम गर्दैछौं ।" माइक्रोसफ्टले आफ्नो पछिल्लो अपडेटमा भनेको छ, 'हाम्रा सेवाहरूमा अझै पनि निरन्तर सुधार भइरहेको छ । हामी न्यूनीकरण कार्य जारी राख्छौं ।

-भारतीय विमान कम्पनीद्वारा पनि धैर्य रहन आग्रह -

यसैबीच भारतीय समाचार संस्था, एएनआईले भारतको राजधानी नयाँदिल्लीबाट सम्प्रेषित समाचारमा भारतका एयरलाइन्सले नेटवर्कमा रहेको आफ्नो प्रणाली प्रभावित भएको शुक्रबार जानकारी दिएका छन् । उडानका बारेमा जानकारीका लागि यात्रुले आ-आफ्नो एयरलाइन्समा सम्पर्क गर्न आग्रह गरिएको छ । "नेटवर्कमा हाम्रो प्रणालीहरू माइक्रोसफ्ट एज्योरको साथ चलिरहेको समस्याबाट प्रभावित छन्, जसको परिणामस्वरूप हाम्रो सम्पर्क केन्द्रहरू र विमानस्थलहरूमा प्रतीक्षा समय बढेको छ । तपाईंले ढिलो चेक-इन र लामो लाइनको अनुभव गर्न सक्नुहुनेछ," भारतीय विमान कम्पनी इन्डिगोले सेवाग्राहीका लागि जारी सूचनामा भनेको छ ।

"हामी सबै डेकमा छौं र स्थिरता र सामान्य स्थिति बहाल गर्न अथक रूपमा काम गरिरहेका छौं । हाम्रो डिजिटल समूहले माइक्रोसफ्ट एज्योरसँग पनि नजिकबाट समन्वय गरिरहेको छ ताकि यी समस्याहरू छिटो समाधान गर्न सकियोस् । हामी यस समयमा तपाईंको धैर्य र समझदारीको सराहना गर्दछौं," इन्डिगोद्वारा जारी सूचनामा भनिएको छ ।

भारतको अर्को विमान कम्पनी अकासा एयरले पनि यस्तै अवरोध भएको जनाएको छ । अकासा एयरले भनेको छ, "सेवा प्रदायकसँग पूर्वाधारको समस्याका कारण, 'बुकिङ, चेक-इन र व्यवस्थापनसम्बन्धी सेवासहित हाम्रा केही अनलाइन सेवाहरू अस्थायी रूपमा अवरोध हुने देखिएको छ ।" "तपाईंको धैर्यता र सहयोगका लागि धन्यवाद," स्पाइसजेटले सामाजिक सञ्जाल एक्समा जारी एक संक्षिप्त जानकारीमा उल्लेख गरेको छ । "सेवाहरूमा व्यवधानका कारण प्रभावित उडानहरू वा यात्रुहरूको स¤ख्यासहित सटीक विवरणहरू तत्काल उपलब्ध गराउन असमर्थ छौं ।

# नेपालले युएईलाई हरायो




काठमाण्डु । नेपालले एसिसी महिला एसिया कप क्रिकेट २०२४ प्रतियोगिताअन्तर्गत शुक्रबार भएको खेलमा संयुक्त अरब इमिरेट्स (युएई)लाई पराजित गरेको छ ।

श्रीलङ्काको दम्बुल्ला अन्तर्राष्ट्रिय रङ्गशाला भर्खरै सम्पन्न खेलमा नेपालले युएईलाई छ विकेटले पराजित गर्दै प्रतियोगितामा सुखद् सुरुआत गरेको हो । जितका लागि एक सय १६ रनको विजयी लक्ष्य पछ्याएको नेपालले १६ दशमलव एक ओभरमा चार विकेट गुमाउदै पूरा गर्‍यो । नेपालको लागि समझना खड्काले सर्वाधिक ७२ रनको योगदान दिइन । उनले ४५ बल खेल्ने क्रममा ११ चौका प्रहार गरिन् ।

त्यस्तै रुबिना क्षेत्रीले १० रन बनाइन भने सीता रानामगर र पुजा महतोले समान सात/सात रनको योगदान गरे ।

बलिङतर्फ युएईकी कभिशा इगोडागेले तीन विकेट लिइन भने लभन्या केनीले एक विकेट लिइन । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको युएईले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै एक सय १५ रनको योगफल बनाएको थियो । युएईका लागि खुसी शर्माले ३९ बल दुई चौका प्रहार गर्दै ३६ रन बनाइन । त्यस्तै कविशा इगोडागो २२, समाइरा धरनिधर्कले १३ तथा कप्तान इशा रोहित ओजाले १० रन बनाइन । रिथिका राजित छ तथा लावन्या केनी दुई रनमा अविजित रहे ।

नेपालको लागि इन्दु बर्माले सर्वाधिक तीन विकेट लिइन् । त्यस्तै कृतिका मरासिनी, सबनम राई र कविता जोशीले समान एक/एक विकेट लिए । नेपालले अब आफनो दोस्रो खेल यही साउन ६ गते पाकिस्तानसँग खेल्नेछ ।रासस

# फार्मास्युटिकल इनोभेसन पार्क निर्माण गर्ने योजनामा चीन

सिन्ह्वा

बेइजिङ । चीनले दक्षिणी उपनगरमा अन्तर्राष्ट्रिय ' फार्मास्युटिकल इनोभेसन पार्क' निर्माण गरी चिकित्सा तथा स्वास्थ्य क्षेत्रमा विश्वव्यापी वैज्ञानिकलाई आकर्षित गर्ने योजना सार्वजनिक गरेको छ ।

पार्क बेइजिङ ई-टाउनका नामले प्रख्यात बेइजिङ आर्थिक-प्राविधिक विकास क्षेत्रमा अवस्थित हुनेछ बिहीबार समाप्त एशियाका लागि बोआओ फोरमको ग्लोबल हेल्थ फोरमको तेस्रो सम्मेलनमा घोषणा गरिएको थियो । करिव ५.८ वर्ग किलोमिटरको योजनाबद्ध क्षेत्रको साथ, पार्कले अन्तर्राष्ट्रिय कर्पोरेट मुख्यालयको समूह प्रस्तुत गरी विश्व-स्तरीय विशेष अस्पताल र औषधि सम्बन्धित उद्योगको प्रोत्साहनमा ध्यान केन्द्रित गर्नेछ ।रासस

# ओसामा बिन लादेनको ' नजिकका सहयोगी' पक्राउ

एएफपी

लाहोर । अल कायदाका संस्थापक एवम् सेप्टेम्बर हमलाका प्रमुख योजनाकर्ता ओसामा बिन लादेनको 'नजिकका सहयोगी'लाई पक्राउ गरेको पाकिस्तानी अधिकारीहरूले शुक्रबार बताएका छन् ।

पञ्जाबको सबैभन्दा बढी जनस¤ख्या भएको प्रान्तका आतङ्कवाद विरोधी अधिकारीहरूले विध्वंसकारी गतिविधिहरूको योजना बनाएको र देशका महत्त्वपूर्ण प्रतिष्ठानहरूलाई लक्षित आक्रमण गर्न खोजेको आरोपमा गुजरात सहरबाट अमिन उल-हकलाई पक्राउ गरेका हुन् ।"अमिन उल-हकको गिरफ्तारी पाकिस्तान साथै विश्वभर आतङ्कवादसँग लड्न जारी प्रयासहरूमा ठुलो विजय हो," पञ्जाबको आतङ्कवाद विरोधी विभागको एक विज्ञप्तिमा भनिएको छ।

उहाँलाई संयुक्त राज्य अमेरिका, युरोपेली सङ्घ र संयुक्त राष्ट्र सङ्घले अल-कायदा र बिन लादेनको सहयोगीको रूपमा सूचीबद्ध गरेको थियो," पञ्जाबको आतङ्कवाद विरोधी विभागका प्रमुख उस्मान अकरम गोनादालले पत्रकार सम्मेलनमा भन्नुभयो । अफगानिस्तानबाट पश्चिमी नाटो सेना फिर्ता भएपछि उहाँ फेरी देखा पर्नुभएको थियो । उहाँले अगस्टमा अफगानिस्तानको भ्रमण गरेर अल-कायदाको पुनर्गठन गर्ने प्रयास सुरु गर्नुभएको थियो। नाटो समर्थित अमेरिकी सेनाले सेप्टेम्बर ११ को आक्रमणमा संलग्न अल-कायदाका लडाकुहरूलाई हस्तान्तरण गर्न अस्वीकार गरेको भन्दै सन् २००१ मा तालिबानको पहिलो शासनलाई अपदस्थ गरेको थियो ।

आक्रमणका प्रमुख योजनाकर्ता बिन लादेन पछि पाकिस्तानमा बसेको पत्ता लागेको थियो र उहाँको सन् २०११ मा अमेरिकी कारबाहीमा गोली लागी मृत्यु भएको थियो ।रास

# ओलम्पिकमा सहभागी हुन जाने नेपाली टोलीको बिदाइ

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले ३३औँ गृष्मकालीन पेरिस ओलम्पिकमा सहभागी हुन जाने नेपाली खेलाडीलाई सफलताको शुभकामना प्रदान गर्दै बिदाइ गर्नुभएको छ ।

राष्ट्रपति भवन शीतल निवासमा शुक्रबार आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले खेलाडीलाई शुभकामनासहित बिदाइ गर्नुभएको हो । सो अवसरमा उहाँले खेल राष्ट्रलाई अन्तर्राष्ट्रिय जगतमा चिनाउने सबैभन्दा उपयुक्त माध्यम भएको बताउँदै उच्च मनोबलका साथ प्रतिस्पर्धा गर्न आग्रह गर्नुभयो । राष्ट्रपति पौडेलले




गृष्मकालीन पेरिस ओलम्पिकमा सहभागी खेलाडीले देशको प्रतिष्ठा उँचो बनाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले दृढ सङ्कल्प र अठोटका साथ ओलम्पिकमा सहभागी हुन खेलाडीलाई सुझाव दिनुभयो ।

सोही कार्यक्रममा राष्ट्रपति पौडेलले पेरिस ओलम्पिकको 'सेभ द मिसन' रहनुभएका राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङलाई नेपालको राष्ट्रिय झण्डा हस्तान्तरण गर्नुभएको थियो । युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले उच्च मनोबलका साथ खेल प्रदर्शन गर्न आग्रह गर्दै सफलताको शुभकामना प्रदान गर्नुभयो ।

खेलाडीको बिदाइ कार्यक्रममा युवा तथा खेलकुदमन्त्री चौधरीसहित नेपाल ओलम्पिक कमिटिका अध्यक्ष जीवनराम श्रेष्ठ, ३३औँ गृष्मकालीन पेरिस ओलम्पिकमा नेपालका तर्फबाट प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षकलगायतको सहभागिता थियो ।रासस

# राष्ट्रपति बाइडेनलाई माथिल्लो श्वासप्रश्वास नलीमा हल्का समस्या


एएनआई

वासिङ्टन । अमेरिकी राष्ट्रपति जो बाइडेनले कोभिड-१९ सङ्क्रमणसँग सम्बन्धित 'माथिल्लो श्वासप्रश्वास नलीमा हल्का समस्याको' अनुभव गर्नुभएको र चिकित्सकको सल्लाहमा ' प्याक्सलोभिड' को मात्रा दिइएको ह्वाइट हाउसले जनाएको छ ।

बाइडेनका चिकित्सक डा. केभिन ओ कनरले अमेरिकी राष्ट्रपतिलाई ज्वरो नआएको र सङ्क्रमणसँग सम्बन्धित अन्य लक्षणहरू पनि सामान्य रहेको बताउनुभएको छ ।डा. केभिन ओ कनरले भन्नुभयो "राष्ट्रपतिले कोभिड-१९ सङ्क्रमणका कारण माथिल्लो श्वासप्रश्वास नलीमा हल्का समस्या अनुभव गरिरहनुभएको छ, "राष्ट्रपति बाइडेन डेलावेयर फर्केर आइसोलेसनमा बस्नुहुनेछ । त्यस समयमा उहाँका सबै जिम्मेवारीहरू पूर्ण रूपमा सम्हाल्ने कार्यलाई जारी राख्नुहुनेछ ।"

लस भेगासमा आयोजित राष्ट्रिय सम्मेलनमा भाग लिएको एकदिन पछि ८१ वर्षीय राष्ट्रपति बाइडेनमा बुधबार कोभिड-१९ सङ्क्रमण देखिएको हो ।सकारात्मक परीक्षणपछि, बाइडेनले एक्स गरेको पोस्टमा भन्नुभएको छ, "मलाई कोरोना सङ्क्रमण देखाएको छ तर म ठिक छु । स्वास्थ्य लाभको शुभकामनाका लागि सबैप्रति आभारी छु । सबैलाई धन्यवाद दिन चाहन्छु।"

"म निको नहुँदासम्म आइसोलेसनमा हुनेछु र यस



छ । उहाँलाई 'प्याक्सलोभिड' दिइराखेका छौँ । उहाँलाई ज्वरो आएको छैन र अन्य मुख्य लक्षणहरू सामान्य छन् ।"

**'राष्ट्रपतिको**

अनुमति लिएर उहाँको बारेमा मैले पहिलेजस्तै नियमित जानकारीहरू सार्वजनिक गरिरहनेछु," उहाँले बताउनुभयो । ह्वाइट हाउसले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको अवधिमा म अमेरिकी जनताप्रतिको मेरो कर्तव्यलाई निरन्तरता दिनेछु", वक्तव्यमा भनिएको छ ।राष्ट्रपतिका निजी चिकित्सकले बाइडेनमा सामान्यरुघाखोकी र माथिल्लो श्वासप्रश्वास नलीमा समस्याका लक्षणहरू रहेको बताएका छन् । यसअघि सन् २०२२ को जुलाईमा बाइडेन पहिलोपटक कोभिड सङ्क्रमित हुनुभएको थियो ।

# जापानमा महामारीपूर्वको तुलनामा पर्यटक आगमनमा वृद्धि

एएफपी

टोकियो । जापानले सन् २०२४ को पहिलो छ महिनामा महामारीअघिको तुलनामा १० लाख बढी विदेशी पर्यटकलाई स्वागत गरेको जनाएको छ ।

जापानको राष्ट्रिय पर्यटन सङ्गठनले शुक्रबार दिएको छ भने एक करोड ७७ लाख ८० हजारको नयाँ रेकर्ड कायम गरेको जापानको राष्ट्रिय पर्यटन सङ्गठनले शुक्रबार जनाएको छ ।कमजोर येनले जापानमा ठूलो भीडलाई आकर्षित गरिरहेको छ। पर्यटकले जापानी परम्परागत कपडा किमोनोस, जापानी चक्कुलगायत मूल्यवान खानाबाट मनैदेखि आनन्द लिने गर्छन् । जनवरीदेखि जुनको आँकडाले सन् २०१९ को एक करोड ६६ लाख ३० हजारको उच्च स्तरलाई उछिनेको छ, जसका कारण क्योटो र माउन्ट फुजीजस्ता पर्यटनस्थलमा भीडभाड बढेको छ ।

जापानी प्रधानमन्त्री फुमियो किशिदाले मन्त्रीपरिषद् बैठकमा पर्यटकलाई ग्रामिण क्षेत्रतर्फ आकर्षित गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "कुनै स्थानमा पर्यटकको घुइचो लाग्ने र कतै खाली हुने प्रवित्तिविरूद्ध हामीले आगन्तुकहरूलाई ग्रामीण क्षेत्रमा पुग्न प्रोत्साहन गर्नुपर्छ ।

ती क्षेत्रले पर्यटकलाई परम्परागत जापानी संस्कृति र खानाको स्वाद पस्कन्छ र उनीहरूलाई बृहत् खुशी प्रदान गर्छ ।

" जापानले सन् २०२४ मा तीन करोड ५० लाख विदेशी पर्यटक भित्राउने अपेक्षा गरेको छ र यसका लागि आठ ट्रिलियन येन (५० अर्ब अमेरिकी डलर) पर्यटक खपत हुने अनुमान गरिएको छ ।

महामारीका बेला सीमामा लगाइएको कडा प्रतिबन्ध हटेपछि सन् २०२३ को पहिलो छ महिनाको



अवधिमा दुई करोड ५० लाख पर्यटक जापान आएका थिए । सन् २०३० सम्ममा वार्षिक छ करोड पर्यटक भित्राउने महत्वकांक्षी लक्ष्य राखिएको छ, जुन सन् २०१९ को तीन करोड १८ लाख ८० हजार पर्यटकभन्दा दोब्बर हो ।तर केही विदेशी आगन्तुकहरूको अमर्यादित व्यवहार र शिष्टाचार उल्लङ्घनबाट केही बासिन्दाहरू पहिले नै थकित भइसकेका छन् ।

गत मे महिनामा माउन्ट फुजी नजिकैको एउटा सहरमा अधिकारीहरूले फोटो खिच्न नदिन एउटा कन्भिनेन्स स्टोरको छेउमा रहेको लोकप्रिय दृश्य स्थलमा ठूलो अवरोध खडा गरेका थिए ।

ज्वालामुखीको सबैभन्दा लोकप्रिय हाइकिङ ट्रेलमा नयाँ भीड नियन्त्रण उपायहरू राखिएको छ, जसमा अब दुई हजार येन (करिब १३ अमेरिकी डलर) को प्रवेश शुल्क र वैकल्पिक दान समावेश छ ।

हिमेजीका मेयरले आफ्नो किल्लाका लागि प्रसिद्ध पश्चिमी जापानी शहरले पर्यटकलाई विश्व सम्पदा क्षेत्र भ्रमणका लागि स्थानीयभन्दा चार गुणा बढी शुल्क तिर्नुपर्ने बताउनुभयो । यसले विश्वबजारमा कमजोर बनेको येनलाई मजबुत पार्न र विदेशी मुद्रा सञ्चितिमा योगदान गर्नेमा जापानी अधिकारी विश्वस्त देखिने गरेका छन् ।

# बर्दिया राष्ट्रिय निकुञ्ज आउने पर्यटक बढे




गुलरिया । पश्चिम तराईको पर्यटकीय गन्तव्य बर्दिया राष्ट्रिय निकुञ्जमा आउने पर्यटकको संख्या बढेको छ । निकुञ्जमा बाघ, घडियाल, विभिन्न प्रजातिका चराचुरुङ्गीलगायत जैविकविविधता हेर्न आउने पर्यटकको चहलपहल बढेको हो ।

कोभिडपछि थलिएको यहाँको पर्यटन व्यावसाय पछिल्ला वर्षयतादेखि केही आशा पलाएको निकुञ्जका संरक्षण अधिकृत पुरुषोत्तम वाग्लेले बताउनुभयो । निकुञ्जमा पर्यटक बढेपछि पर्यापर्यटनको राजस्वमा उल्लेख्य वृद्धि भएको उहाँले जानकारी दिनुभयो ।आर्थिक वर्ष २०७९/८० मा आन्तरिक, सार्क र विदेशी पर्यटक गरी २४ हजार तीन सय २४ जना पर्यटकले निकुञ्ज अवलोकन गरेका छन् । सोबापत निकुञ्जलाई रु दुई करोड २२ लाख आम्दानी भएको वाग्लले जानकारी दिनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०८०/८१ मा स्वदेशी, सार्क र विदेशी गरी २६ हजार एक सय ३१ जना पर्यटक निकुञ्ज भित्रिएका छन्। गत आवमा निकुञ्जले रु दुई करोड ८४ लाख पर्यापर्यटनमार्फत आम्दानी गरेको छ । पर्यटकको संख्या वृद्धि भएसँगै निकुञ्जले प्रवाह गर्ने सेवा, पर्यटकीय पूर्वाधार निर्माणलगायत पक्षलाई जोड दिइएको अधिकृत वाग्लेले बताउनुभयो । जङ्गल 'वाक' र 'ड्राइभ'का लागि वनपथ निर्माण, मचान निर्माण, कोर एरिया व्यवस्थापन गरिएको उहाँले जानकारी दिनुभयो ।

निकुञ्जभित्रको पूर्वाधारसँगसँगै पर्यटकको बासका लागि होटल, होमस्टेलगायत आवास व्यवस्थापनमा पहल थालिएको वाग्लेले बताउनुभयो । जिल्लाका पर्यटकीय क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेसँगै यहाँका पर्यटन व्यवसायी र स्थानीय खुशी भएका छन् ।पर्यटक बढेसँगै पर्यटकीय क्षेत्रमा सञ्चालित होटलमा स्थानीय उत्पादन खपत हुँदा स्थानीयको आयआर्जनमा टेवा पुगेको पर्यटन व्यवसायी रामजी थापाले बताउनुभयो । यहाँ आउने पर्यटकले स्थानीय थारु सँस्कृतिसँगै विभिन्न स्थानीय परिकार खान रुचाउने गरेका उहाँको भनाइ छ ।

"यहाँको अनुपम जैविकविविधता देखेपछि विदेशी पर्यटक आश्चर्य मान्छन् । निकुञ्जभित्र पर्यटकलाई कुनै समस्या छैन । सफारीमा जङ्गलभित्र गाडी बिग्रिएपछि निकुञ्जले उद्धार गर्ने गरेको छ", थापाले भन्नुभयो ।निकुञ्ज क्षेत्रमा ३० भन्दा बढी पर्यटकीय होटल तथा होमस्टे भएकाले पर्यटकलाई आवासको समस्या नभएको निकुञ्जका पथ प्रर्दशक अनुराम चौधरीले बताउनुभयो । "अधिकांश विदेशी पर्यटक जङ्गलमा हिडेर अवलोकन गर्न रुचाउँछन् । अन्य देशका पर्यटक सफारी रोज्छन् । जङ्गलमा डढेलो लागेको अवस्था बाहेक अन्य समयमा पर्यटक जङ्गलभित्र रमाइलो मान्छन्", उहाँले भन्नुभयो ।

निकुञ्जमा बाघ, विभिन्न प्रजातिका वनस्पतीसँगै लोपोन्मुख तथा दुर्लभ जनावर, हात्ती, बाघ, गैँडा, विभिन्न किसिमका पक्षी, जलचर, थलचर, उभयचरलगायत वन्यजन्तु अवलोकन गर्न पाइन्छ । विशेष गरी गर्मी महिनामा पर्यटकले अत्याधिक मात्रामा बाघ देख्ने गरेका छन् । अहिले निकुञ्जमा हात्तीको झुण्ड देख्न सकिन्छ ।रासस

# हलगोरु पाल्ने किसानलाई अनुदान



गलकोट । बागलुङ नगरपालिकाभित्रका गोरु पाल्ने ८१ किसानले प्रोत्साहन रकम प्राप्त गरेका छन् । बागलुङ नगरपालिकाले गोरु पाल्ने किसानलाई प्रोत्साहन गर्ने कार्यक्रम अन्तर्गत रु पाँच हजारका दरले रक वितरण गरेको हो ।

नगरपालिकाले पछुपन्छी तथा मस्यपालन कार्यविधि २०७९ निर्माण पश्चात आर्थिक वर्ष २०८०/८१ बाट गोरु पाल्ने किसानलाई प्रोत्साहनको कार्यक्रम ल्याएको हो । नगरपालिकाले पहिलो पटक गोरुपाल्ने किसानलाई प्रोत्साहन गर्नका लागि रु चार लाख बजेट बिनियोजन गरेको थियो । उक्त बजेटबाट ८१ हल गोरु पाल्ने किसानले रु पाँच हजारका दरले अनुदान रकम लिएको नगरपालिकाले जनाएको छ ।

बढ्दो यान्त्रिकीकरणसँगै गोरु पाल्ने चलन हराउँदै गएकाले ' हल गोरु पाल्न प्रोत्साहन एवं प्रवर्द्धनात्मक' कार्यक्रमअन्तर्गत किसानलाई अनुदान दिइएको बागलुङ नगरपालिका पशु शाखा प्रमुख मित्रलाल सापकोटाले बताउनुभयो ।उहाँका अनुसार बागलुङ नगरपालिकाभित्रका हल गोरु पाल्ने किसानबाट १०० निवेदन सङ्कलन भएको थियो । प्राप्त निवेदनका आधारमा अनुगमन गर्दा ८१ किसानले हलगोरु पालेको पाइएपछि रु पाँच हजारका दरले प्रोत्साहन रकम प्रदान गरेको नगर उपप्रमुख राजु खड्काको भनाइ छ ।

"एक हल गोरु पाल्ने किसानलाई पहिलोपटक नगरपालिकाले प्रोत्साहन गरेको हो, हल गोरु लोप हुन थालेपछि नगरपालिकाले संरक्षण गर्ने अभियान चालेको हो" उपप्रमुख खड्काले भन्नुभयो "यो कार्यक्रम निरन्तर सञ्चालन गर्ने नगरपालिकाको योजना छ, कम्तिमा एक किसान रु १० हजारका दरले अनुदान दिने कार्यविधि मै उल्लेख छ, आगामी वर्ष हल गोरु पाल्ने प्रत्येक किसानलाई रु १० हजार दिनेगरी रु १० लाख बजेट बिनियोजन गर्ने योजना छ ।"

नगरपालिकाले पहिलोपटक गोरुपाल्ने किसानलाई अनुदान दिन थालेपनि अनुदानका हामीजस्ता किसान उत्साहित बनेको बागलुङ नगरपालिका-१३ का टेके सार्कीले बताउनुभयो । आगामी वर्ष प्रोत्साहनको रकम अझै बढ्न सके हलगोरु पाल्नेको सङ्ख्यामा वृद्धि हुने सार्कीको अपेक्षा रहेको छ ।

हाते ट्याक्टर तथा प्रविधिको बढ्दो प्रयोगका कारण पुस्तौँदेखि चल्दै आएको गोरुले जोत्ने परम्परा पनि हराउँदै गएकाले त्यसको संरक्षणका लागि नगरपालिकाले अभियानका रूपमा हल गोरु पाल्ने किसानलाई प्रोत्साहन गरिएको नगरप्रमुख बसन्तकुमार श्रेष्ठले जानकारी दिनभुयो । उहाँले मिनि टेलर हलो वितरणकार्यले गोरु पाल्ने किसानलाई निरुत्साहित भयो कि भन्ने नगरपालिकाले महशुस गरेर गरेको बताउनुभयो ।

"स्थानीय तहले कृषिमा आधुनिकरणको नाममा मिनि टेलर हलो वितरण गर्ने लहडै चलेको छ, आवश्यकताको आधारमा हेरेर आधुनिकरण पनि गर्ने हो, व्यावसायीक खेती गर्न, शहर बजार नजिकै मिनि टेलर हलो उपयुक्त भएपनि गाउँ-गाउँमा परम्परागत खेती गर्नका लागि हल गोरु नै राम्रो छ, मल मुत्रको प्रयोगसमेत कृषिमा अपरिहार्य छ भन्ने किसानले महशुस गरेका छन्" ।नगरप्रमुख श्रेष्ठले भन्नुभयो "अब मिनिटेलर हलो बितरण गर्ने हैन हल गोरु पाल्ने किसानलाई पोषण खर्चनै दिइन्छ, गोरुपाल्दा बातावरणसमेतमा सकरात्मक असर देखिने रहेछ ।"

नयाँ पुस्ता प्रविधितर्फ आकर्षित हुँदै गर्दा गोरुपालनका लागि नगरपालिकाले बजेट विनियोजन गरेर कार्यान्वयनमा लगेको छ । गोरु नपाल्दा गाई संरक्षणमा समेत चुनौती देखिएकाले गोरुसँगै गाई संरक्षण गर्ने नगरपालिकाको योजना हो ।

कृषि प्रयोजन तथा प्राङ्गारिक मलका लागि गोरु पाल्दै आउनुभएका किसानलाई गोरुको संरक्षण तथा प्रोत्साहनस्वरूप अनुदान दिइने र अनुदानले गोरु पालक किसानले गोरु पाल्ने कामलाई निरनतरता दिने नगरपालिकाको योजना रहेको छ । नगरपालिकाको पशु शाखाले किसानको गोठमा हल गोरुपालन गरे/नगरेको, स्थानीय टोलबासी तथा जनप्रतिनिधिको स्थलगत अनुगमनपछि मात्रै अनुदान दिएको थियो ।रासस

# कृषि कर्ममा रमाउँदै प्रसाईं



सुन्दरबजार । कृषि पेसाबाट केही गर्न सकिन्न भन्नेका लागि उदाहरणीय पात्र बन्नुभएको छ सूर्य प्रसाईं । लमजुङको राइनासमा कृषि व्यवसाय गरिरहेका प्रसाईंको गृह जिल्ला लमजुङ होइन । झापाबाट ढुङ्गा काट्ने मेसिन लिएर लमजुङ आउनुभएका प्रसाईंले गरेको कृषि कर्मबाट स्थानीय युवाले अवश्यक पनि केही सिक्छन् ।

विदेशी भूमिमा गएर कृषि पेसामा रातदिन काम गर्नेहरुले एकपटक प्रसाईंको कृषि फार्म हेरेर केही सोच्नुपर्नेछ । लगनशील भएर मेहनत गरे के सम्भव छैन भन्ने उदाहरण उहाँले दिनुभएको छ । अथक उत्साह, साहस, मेहनत र निरन्तरताले त्यो सफलता पाउन सकिन्छ । "आफ्नै भिरपखेरा अनि खेर गएर बसेका पाखामा कृषिकर्म गरे विदेशी भूमिमा कमाउने पैसा कमाउन त सजिलै सकिन्छ, आत्मसन्तुष्टि पनि मिल्दोरहेछ", प्रसाईं भन्नुहुन्छ ।

राइनास नगरपालिका-५, तीनपिप्लेमा कृषि कर्म गरिरहेका प्रसाईंले ढुङ्गा काट्ने काम पनि गरिरहेका छन् । यसका लागि उहाँले एक सय रोपनीभन्दा बढी जग्गा भाडामा लिएका छन् । जङ्गल र बुट्यानले ढाकिएको जग्गा एक लाख २० हजार वार्षिक भाडामा लिएर विभिन्न संरचनामा उहाँले ५० लाख रुपैयाँजति खर्च गर्नुभएको छ ।

अहिले खर्बुजा बिक्रीबाट एक सिजनमा मात्र रु १२ लाख आम्दानी गरेका प्रसाईंको झापामा पनि फार्म छ । झापामा रहेको १८ बिघा जग्गामा अहिले धान लगाउनुभएको छ । धानपछि उहाँले खर्बुजा खेती गर्नुहुन्छ । खरबुजामा सुई लगाएर रङ मिसाएको भारतीय खर्बुजाको हल्लाका कारण उहाँले राम्रोसँग उत्पादन गरेको खर्बुजा बिक्रीमा समेत असर परेको उहाँको अनुभव छ । अहिले त्यसैका कारण झापाबाट राम्रो आम्दानी भएन, उहाँले भन्नुभयो ।

लमजुङमा उत्पादन गरेको खर्बुजा जिल्लाको सदरमुकाम बेंसीसहरलगायत गोर्खा र तनहुँका पसलसम्म पुग्दछ । "बजार खोज्न अहिले नै टाढा जानु नपर्ने उहाँको भनाइ छ । राम्रो उत्पादन गर्न सकियो भने बजार नै उत्पादन खोज्दै कृषकसम्म आउँछ, उहाँ भन्नुहुन्छ । विगत १८ वर्षदेखि राईनासमा आउनुभएका प्रसाईंले पाँच वर्षदेखि यहाँ उषा बङ्गुर तथा कृषि फार्मको नाउँमा खरबुजा, काँक्रो, घिरौँला, फर्सी, अकबरे खुर्सानीलगायतको खेती गर्दै आउनुभएको छ । हेर्दा नै लोभ लाग्ने उहाँको खर्बुजा कृषि फार्ममा अहिले बेमौसमका फलफूलका बिरुवा हुर्कंदै छन् भने अर्कोतर्फ अकबरे खुर्सानीको ठूलो प्लट चेपे नदीको तिरैमा छ । त्यहाँ उत्पादन भएका नौलो प्रजातिको प्रतीक नामको फर्सी सलादका लागि विभिन्न बजारमा पठाउनुहुन्छ ।

आफ्नै कृषि कर्ममा हेरचाह गर्दै निरन्तर लागिरहेका प्रसाईंले स्थानीय तहबाट कुनै किसिमको सहयोग प्राप्त गरेका छैनन् । कृषि ज्ञान केन्द्रले सिँचाइका लागि पाइपलाइन, मल्चिङ प्लास्टिक र मलखादका लागि यस वर्ष रु चार लाख बराबरको सहयोग गरेको छ । कृषि फार्ममा बङ्गुरपालन गरेका प्रसाईंले गत वर्ष रोगका कारण बङ्गुर मरेपछि अहिले त्यसलाई थाति राख्नुभएको छ । त्यहाँ उहाँले उत्पादन गरेको अकबरे खुर्सानी, खर्बुजा र अन्य मौसमी तरकारी उत्पादनका लागि नियमित पाँच जनालाई रोजगारी दिनुभएको छ । त्यसबाहेक दैनिक ज्यालादारीमा समेत काम दिने गर्नुभएको छ ।

केही गरौँ भन्ने उत्साह भएका युवालाई कृषिमा ठूलो लगानी गरेको सरकारी तवरबाट सानो सहयोग दिने हो भने युवालाई यही विदेशकै जस्तो कमाई गर्न सकिन्छ भन्ने उहाँबाट बुझ्न सकिन्छ । स्थानीय तहहरुले विभिन्न शीर्षकमा बर्सेनि अनुत्पादक क्षेत्रमा बाँडिरहेका लाखौँ रुपैयाँको प्रतिफल आउन नसकेको भन्दै उहाँ त्यसलाई कृषि क्षेत्रमा लगाउन सकिएमा तरकारी र फलफूलमा आत्मनिर्भर हुन सकिने बताउनुहुन्छ ।रासस

# ओझेलमा छाङ्गा बाराही झरना

दमौली । पहाडको खोंच, जङ्गलै जङ्गले घेरिएको ठाउँ । हरियाली मनमोहक ठाउँ । अग्लो डाँडाबाट ढुङ्गामा ठोक्किँदै झरेको पानी । डाँडाबाट खस्दा आउने आवाजले तनहुँको व्यास नगरपालिका-१४ छाब्दी नजिक रहेको छाङ्गा बाराही झरनाले यहाँ पुग्ने सबैलाई लोभ्याउँछ तर यसको प्रचारप्रसार हुननसक्दा पर्यटकीय गतिविधि बढ्न सकेका छैनन् ।

सदरमुकाम दमौली हुँदै बाराही मन्दिरबाट पूर्वतर्फको यात्रा गरेपछि करिब ३० मिनेटमा यहाँ पुगिन्छ । कही उकालो र कही समथल बाटोको यात्रा गरेपछि यहाँ पुग्दा जो कोही मोहित हुन्छन् र थकान मेटिएको आभाष हुन्छ । यहाँ गाउँपालिका वडा नं १४ कुलुङ गाउँबाट आउने पानीले झरनाको रूप लिएको छ ।

पर्यटकीय हिसाबले उत्कृष्ट गन्तव्यस्थल बन्नसक्ने यो ठाउँ प्रचारप्रसारको कमीले ओझेलमा परेको झरनामा घुम्न पुग्नुभएका व्यास नगरपालिका-२ बागबजार निवासी सुदीप गफ्फारले बताउनुभयो ।

दमौलीको उखरमौलो गर्मीका बेला यहाँको शीतलताले आनन्दित बनाएको उहाँको भनाइ छ । "झरनाको पानी एकदम चिसो, गर्मीका बेला त साह्रै आनन्द आउने । हरियाली वातावरणले झनै आकर्षित गर्ने ठाउँ रहेछ", उहाँले भन्नुभयो । यस ठाउँलाई धार्मिक पर्यटनसँग जोड्नसके धेरै लाभ लिन सकिने भन्दै गफ्फारले थप्नुभयो, "छाब्दी बाराही मन्दिर दर्शन गर्न आउने भक्तजनलाई यस ठाउँसम्म आउने वातावरण सिर्जना गर्नुपर्छ । त्यसो भएमा यो राम्रो पर्यटकीय क्षेत्र बन्नसक्छ ।"रासस

# तीस हजार पर्यटकद्वारा म्याग्दी भ्रमण

म्याग्दी । एक वर्षको अवधिमा ३० हजार पर्यटकले म्याग्दी भ्रमण गरेका छन् । म्याग्दी जिल्ला प्रहरी कार्यालयका अनुसार गत आवमा २४ हजार एक सय ३० जनाले यो जिल्लाका र बाहिरिनेको पाँच हजार सात सय ८९ जना रहेको छ । घोडेपानी र दरवाङमा रहेको इलाका प्रहरी कार्यालयले जिल्ला भित्रने र बाहिरिने पर्यटकको विस्तृत विवरणसहितको तथ्याङ्क राख्ने गर्छन् ।

आव २०७९/८० मा २९ हजार तीन सय २८ र २०७८/७९ मा सात हजार नौ सय २६ विदेशी पर्यटकले भ्रमण गरेका थिए । म्याग्दीमा आउने पर्यटकमध्ये ९० प्रतिशतभन्दा बढी पर्यटकको रोजाइमा अन्नपूर्ण गाउँपालिका-६ मा रहेको घोडेपानी, पुनहिल क्षेत्र पर्ने गरेको छ ।

धवलागिरि र अन्नपूर्ण हिमाल आरोहण, प्राकृतिक तातोपानी कुण्ड, खोपारा, अन्नपूर्ण धवलागिरि, धवलागिरि सेन्चुरी, धवलागिरि चक्रीय, धवलागिरि आइसफल, टोड्के, रुप्से झरना, अन्धगल्छी, गलेश्वर, बेनीबजारलगायत धार्मिक, प्राकृतिक र ऐतिहासिकस्थलको भ्रमणका लागि म्याग्दीमा पर्यटक आउने गर्छन् ।छिमेकी पर्यटकीय जिल्ला मुस्ताङमा म्याग्दीको सडक भएर जाने गर्छन् । अमेरिका, फ्रान्स, इटली, जर्मनी, कोरिया, चीन, भारत, पोर्चुगल, अष्ट्रेलिया, नेदरल्याण्डका साथै भारतीय पर्यटक धेरै आउने पर्यटकीयस्थल घोडेपानीको होटल व्यवस्थापन उपसमितिका अध्यक्ष मीना पुनले बताउनुभयो । अघिल्लो वर्षको हाराहारीमा पर्यटक आए पनि अपेक्षाकृत नभएको उहाँले बताउनुभयो । सबैभन्दा बढी २०८० को चैतमा पाँच हजार आठ सय ४९ जना पर्यटक आएको तथ्याङ्क रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजन रायमाझीले बताउनुभयो ।

विसं २०८० साउनमा नौ सय ४७, भदौमा नौ सय ७२, असोजमा चार हजार दुई सय ९८, कात्तिकमा चार हजार तीन सय ५७, मङ्सिरमा तीन हजार एक सय ९९, पुसमा एक हजार छ सय २७, माघमा एक हजार पाँच सय ७७, फागुनमा दुई हजार चार सय ४४, २०८१ वैशाखमा चार हजार एक सय ७५, जेठमा ८६ र असारमा तीन सय ८८ जना पर्यटक आएका छन् । रासस

PLAN INTERNATIONAL

**Request for Information (RFI) for Enumerators**

**Published Date :- 20 July 2024**

Plan International Nepal is an independent development and humanitarian organization that advances children's rights and equality for girls. Plan International has been working in Nepal since 1978 to help most marginalized children, their families and communities for accessing their rights to survival, development, protection and participation. Plan International Nepal has been implementing programmes through development partners, in coordination with government and other stakeholders.

**Plan International Nepal, East regional Office, Janakpur** invites to submit a response to this RFI. The purpose of the RFI at this stage is to prequalify the enumerators for data collection . The roster will support our initiatives by providing reliable data collection services across different regions as directed by the Project and MERL Team of Plan International Nepal. RFI invitation will be considered solely for the purposes of maintaining the roster of Enumerators. Interested individuals are requested to apply for the RFI with a cover letter and mentioned documents :

The detailed Request for Information documents can be collected from office or asked via email NepalERO.Procurement@plan-international.org or downloaded from

https://drive.google.com/uc?export=download&id=1toCTS8iIBOrPewiXIvztChzkaXFo0rWK

**Deadline for Submission**

RFI submitted hardcopy or through email. Hard copy of the RFI should be submitted clearly mentioning the RFI Reference No. with heading on or before 26 July , 2024 to the address as mentioned below, OR email can be sent to NepalERO.Procurement@plan-international.org clearly mentioning the RFI Reference No. on or before the above mentioned date.

**Plan International Nepal,**
**East Regional Office**
**Janakpurdham-4, Bisahara chowk, Dhanusha, Nepal**
**Tel:- 041- 590050**

Say Yes! To keeping children and Young People Safe and Protected

# गत आवमा १४ हजारभन्दा बढी महिला पदयात्रीले गरे गोसाइँकुण्ड क्षेत्र अवलोकन

रसुवा । लाङ्टाङ राष्ट्रिय निकुञ्ज क्षेत्रमा अवस्थित गोसाइँकुण्ड तथा लाङ्टाङ क्षेत्र अवलोकनका लागि गत आर्थिक वर्षमा चौध हजार भन्दाबढी महिला पैदयात्रीले भ्रमण गरेका छन् ।

बाह्य मुलुकका महिला हिमाली प्राकृतिक छटाको अवलोकन गर्न र आन्तरिक महिला हिमाली उच्च भागको अवलोकन एवं धार्मिक यात्राका लागि पर्यटकको रूपबाट यहाँ आउने गरेका छन् । गत आर्थिक वर्ष २०८०/८१ मा यस्ता १४ हजारभन्दा बढी महिलाले अवलोकन भ्रमण गरेका हुन् । उक्त अवधिमा यहाँ आठ हजार चार सय ७९ आन्तरिक तथा चार हजार नौ सय ७७ बाह्य महिला पैदयात्रीले भ्रमण गरेका लाङ्टाङ राष्ट्रिय निकुञ्जले जनाएको छ । पुरूषतर्फ भने स्वदेशी तथा विदेशी एवं सार्क राष्ट्रका समेत गरी २३ हजार एक सय १८ जनाले रसुवाको भ्रमण गरेको कार्यालयले जनाएको छ ।

राष्ट्रिय निकुञ्ज क्षेत्र भएकाले यहाँ विदेशीलाई प्रतिव्यक्ति रू तीन हजार, सार्क राष्ट्रका पर्यटकलाई रू एक हजार पाँच सय र आन्तरिकका लागि रू एक सय शुल्क लाग्ने प्रावधानअनुरूप गत आवमा रु तीन करोडभन्दा बढी राजस्व सङ्कलन भएको छ ।

यस्तै गत आवमा पर्यटक शुल्क, वन पैदावार, होटल रोयल्टी, हेलिकप्टर अवतरण, दण्ड, जरिवानासमेतबाट निकुञ्जको समग्र वार्षिक राजस्व रु पाँच करोड ४३ लाख १९ हजार एक सय २१ सङ्कलन भएको वरिष्ठ संरक्षण अधिकृत अणनाथ बरालले जानकारी दिनुभयो । रसुवाको गोसाइँकुण्ड धार्मिकमार्ग तथा लाङ्टाङ पदमार्गका ठाउँ ठाउँमा होटल तथा लजको व्यवस्थापन एवं मागअनुसार खाने, बस्ने व्यवस्थाका साथै काठमाडौँदेखि छोटो दूरीमा यहाँ पुग्न सकिने भएकाले पर्यटकको रोजाइमा पर्ने गरेको होटल व्यवसायी सङ्घका जिल्ला अध्यक्ष निसान गजुरेलले बताउनुहुन्छ ।

प्रमुख जिल्ला अधिकारी बेधनिधि खनालले वर्षायाममा सकभर यात्रा नगर्न र यदि यात्रा गर्नुपर्ने भएमा जोखिमलाई ख्याल गरेर मात्र हिँड्डुल गर्न अनुरोध गरिएको बताउनुहुन्छ । पदयात्रामा जाँदा सुरक्षा आवश्यक परेको वा बिरामी परि आपतकालीन अवस्था आएमा जिल्ला प्रशासन कार्यालय, जिल्ला आपतकालीन केन्द्र र प्रहरी प्रशासनसँग समन्वय गरी सहयोग लिने व्यवस्था गरिएकाले पछिल्लो समय पर्यटकलाई सहज भएको उल्लेख गर्नुभयो ।

यहाँ महिला पदयात्रीको संख्या बढेसँगै स्थानीय महिला उत्साहित भएका छन् । महिलाले पनि पुरूष सरह पैदलयात्रा गर्न सक्छन् भन्ने शाहासीपन देखाउँदै पछिल्लो समय गाउँघर तथा सहरबजारका दिदीबहिनी यात्रामा आउन थालेपछि आफूहरू उत्पाहित भएको स्थानीयले बताउने गरेका छन् ।रासस

# संविधान संशोधनप्रति मधेशी मोर्चाको गम्भीरता

**टुडे समाचारदाता**

जनकपुरधाम । केन्द्रमा सत्तासमीकरणसँगै संविधान संशोधनको चर्चा सत्ता पक्षले गर्न थालेपछि मधेश प्रदेश सत्ताधारी दलहरुप्रति सशंकित बनेको छ।

संविधान संशोधनको क्रममा समानुपातिक प्रतिनिधित्व, समावेशीता, संघीय संरचनासँगै स्थानीय तहसमेत थपघट गर्दै प्रदेशलाई झनै अपांग बनाउन सत्तापक्षले खोजेको भन्दै मधेशी मोर्चाले आन्दोलनको तयारीमा जुट्ने भएको छ।

संविधान संशोधन गरेर समानुपातिक प्रतिनिधित्व घटाएमा आन्दोलनमा उत्रिने चेतावनीसमेत दिएको छ।

जनकपुरधाम शुक्रबार संयुक्त मधेशी संघर्ष समितिको आयोजनामा भएको पत्रकार सम्मेलनबाट समानुपातिक प्रतिनिधित्व घटाउने गरी हुने संविधान संशोधन स्वीकार्य नहुने मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपालका केन्द्रीय अध्यक्ष जगतप्रसाद यादवले चेतावनी दिए । उनले बलजफ्ती संशोधन गरिएमा सशक्त प्रतिवाद गर्ने बताए। उनले संघीयता,




समावेशी, समानुपातिकलगायतको व्यवस्था र संविधानको रक्षाका लागि आन्दोलन गर्नुपर्ने आवश्यकता रहेको बताए।

नेपाली कांग्रेस र नेकपा एमालेसहितको सत्ता गठबन्धनले संविधान संशोधन गर्ने सहमति गरेको छ।

कुनै एक दलले प्रतिनिधिसभामा बहुमत नहुँदा सरकार स्थिरता नरहेको भन्दै यसका लागि समानुपातिक प्रणाली खारेज गर्नका लागि कांग्रेस-एमालेलगायतका सत्ता गठबन्धनको भनाइ छ।

तराई-मधेश लोकतान्त्रिक पार्टी, मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपाल तथा नेपाल सद्भावना पार्टीसहितकाले संघर्ष समिति गठन गरेका छन् । यसमा नेकपा एकीकृत समाजवादीको पनि समर्थन रहेको जनाएको छ।

समितिले राजनीतिक दलका नेताले प्रतिनिधि सभाबाट समानुपातिक प्रतिनिधित्व हटाउने, राष्ट्रिय सभाको स्वरूप र भूमिका फेरबदल गर्ने लगायतका विषयमा गरेको सहमतिलाई मधेशी, थारू, दलित, मुस्लिम, आदिवासी जनजातिले विभिन्न आन्दोलन र कठिन संघर्षबाट पाएको अधिकार खोस्ने षड्यन्त्र भएको आरोप उनीहरुले सत्ता गठबन्धनमाथि लगाइएको छ।

सो समितिले राज्यका हरेक अंगमा समावेशिताको सुनिश्चितता, लोकतन्त्रमा समावेशी प्रतिनिधित्वका लागि पूर्ण समानुपातिक निर्वाचन पद्धति, प्रदेशको सीमांकन पहिचानमा आधारित सुधार, सबै संस्कृति र भाषाको सम्मान र समान अधिकारलगायत विषयमा वर्तमान संविधानमा अग्रगामी संशोधनका लागि मधेशी, थारू, पिछडा वर्ग, दलित, मुस्लिम, आदिवासी जनजातिले माग र संघर्ष गर्दै आएको मधेशी मोर्चाले जनाएको छ।

तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लालले अहिलेकोगठबन्धनलेमधेशी,आदिवासी जनजातिको प्रतिनिधित्वलाई घटाउने काम गर्न लागेको अवस्थामा मधेश केन्द्रित र थारूकेन्द्रित दलको मौनता रहस्यमयी रहेको बताए। राजनीतिक स्थायित्वका नाममा मधेशी, थारू, आदिवासीको प्रतिनिधित्व घटाउने गरी गरिने कुनै पनि काम मान्य नहुने अध्यक्ष लालले बताए।

उनले मधेश र मधेशीको माग अझैसम्म पूरा नभएको र हामी आन्दोलनमै रहेको क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधनको नाममा मधेशलाई पुनः अध्यारो भुमरीमा पार्ने खेल थप रहस्यमय र षड्यनत्रपूर्ण रहेको भन्दै आपत्ति जनाए।

# शिक्षा क्षेत्र योजना बनाउने गृहकार्य

ब्लग :



**श्यामसुन्दर शशि**

सेवा संचालन रहेको अर्थात् विदा वाहेकका वर्षको २२० दिन मुलुकभरिका शिक्षालय (नेपाल सरकारले चिनेका स्कूल, कलेज, मदरसा, गुम्बा आदि) मा दैनिक ९० लाख व्यक्ति भिन्न-भिन्न



प्रयोजनका लागि भिजिट गर्छन । तथ्यांक ठुलो भए पनि यस सत्य माथि विश्वास नगर्ने कुनै कारण छैन। कारण यो अध्ययनबाट स्थापित सत्य हो । बालविकास, आधारभूत, माध्यमिक तथा विभिन्न विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त कलेजहरुमा अध्ययनरत्त छात्र, शिक्षक, अभिभावक, पर्यवेक्षक, अनुसंधानकर्ता आदिको एकीकृत संख्याजोड्ने हो भन्ने दैनिक ९० लाख व्यक्ति शिक्षालयहरुसम्म पुग्ने गरेको तथ्य माथि विश्वास गर्न सहज हुन्छ । यो संख्या मुलुकका मठ-मन्दिर, मस्जिद-मदरसा, गुम्बा वा जिल्ला, प्रदेश र संघका कुनै एउटै सेवा प्रदायक संस्थासम्म पुग्ने सेवाग्राही किंवा श्रद्धालुको संख्याभन्दा अधिक छ, जस्तो मलाई लाग्छ।

तर दैनिक ९० लाख नागरिक दैनिक भिजिट गर्ने ती शिक्षालयहरुका भौतिक संरचना कस्ता छन ? यिनीहरु बस्न मिल्ने ठाउँ छ कि छैन ? खानेपानी र शौचालयको व्यवस्था छ कि छैन ? विद्यार्थीहरु पढ्ने कक्षा कोठा कस्ता छन् ? छात्रा र फरक क्षमताका विद्यार्थीको पहुँच हुने कक्षा कोठा र शौचालय छ कि छैन ? विद्यार्थी अनुपातमा शिक्षक र विषयगत शिक्षक छन् कि छैनन् ? यी र यस्ता विषयहरुको खोजी गर्न मन लाग्यो।

तर, त्रिशूलीको भेलमा ६२ जना नेपाली बगेकै दिन प्रतिनिधिसभामा विश्वासको मतमाथि बहस छलफल चलेको देखेका, हालै सम्पन्न माध्यमिक शिक्षा परीक्षामा सामुदायिक विद्यालयतर्फका झण्डै ८८ प्रतिशत विद्यार्थी नन ग्रेडेड (फेल) भएको भोगेका, मधेश सरकारले चालु आर्थिक वर्षमा शिक्षातर्फ मुस्किलले ५ प्रतिशत बजेट विनियोजन गरेको सुनेका तथा मधेश सरकारको आधिकारिक वेपसाइड अनुसार मधेशमा संचालनमा रहेका ४ हजार ८ सय ३० विद्यालयहरुमध्ये अधिकांशमा स्थानीय तह शिक्षा क्षेत्र योजना (एस.ई.एस.पी.) सम्म बनाउन नसकेका सरोकारबालाहरुको लागि यी र यस्ता विषय कति सान्दर्भिक होला ? जे भए पनि आज यिनै विषयमा बहस गरौं।

यूनिसेफ र सामीफिनलैण्डको सहयोगमा पिपुलप्रमोट सेन्टर नामक गैर सरकारी संस्थालेमधेश प्रदेशका ७१ विद्यालयमा स्थानीय तह शिक्षा क्षेत्र योजना अर्थात् कअजयर्या भ्मगअबतष्यल क्भअतयच एबिलभ९क्भ्क्ए० बनाउँने गृहकार्य थालेको छ। योजना निर्माण पूर्व ७१ वटै स्थानीय तह (पालिका) का शिक्षा शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा पालिका प्रमुहरुलाई चरणवद्ध रुपमा 'गुणस्तरीय सिकाईका लागि स्थानीयतह तथा विद्यालयहरुको क्षमता अभिबृद्धि कार्यक्रम' संचालन गरिदैछ । तालिममा सहभागी स्थानीय तहका सरोकारवालाहरुले गरेको खुलासा उदेक लाग्दो छ । सम्बद्ध सरोकारबालाहरुका अनुसार, मधेशका अधिकांश विद्यालयहरुमा स्थानीयतह शिक्षा क्षेत्र योजना निर्माण हुन सकेको छैन। पालिकाले शिक्षा योजना नै निर्माण गरेको अवस्थामा विद्यालय भित्र र विद्यालय बाहिर रहेका बालबालिकाको तथ्यांक अपडेट हुन सकेको छैन । कहि कक्षाकोठाको आभाव छ। कहि शिक्षक आभाव छ। लगभग सम्पूर्ण विद्यालयमा शिक्षक-विद्यार्थी अनुपात मिलेका छैनन्। छात्रा र फरक क्षमता मैत्री शौचालय भएको विद्यालय औलामा गन्न सकिन्छ।




मधेशमा गुणस्तरीय शिक्षाका लागि शिक्षक-विद्यार्थी अनुपातलाई प्रमुख समस्याको रुपमा अघि सार्ने प्रवृत्ति छ। यो आंशिक सत्य पनि हो। नेपालका सातवटै प्रदेश मध्ये मधेशमा शिक्षक-विद्यार्थी अनुपात सबभन्दा बढि छ । तथ्यांक अनुसार, कक्षा १ देखि ५ सम्म कोशी प्रदेशका १ जना शिक्षकले १३ जना विद्यार्थीलाई पढाउँछ। बागमतीका १ जनाले १२ जनालाई, गण्डकीका १ जनाले ८ जनालाई, लुम्बिनीका १ जनाले १८ जनालाई, कर्णालीका १ जना शिक्षकले २५ जनालाई तथा सुदूर पश्चिमका १ जना शिक्षकले १९ जनालाई तथा समग्रमा सिंगै नेपालका १ जना शिक्षकले १७ जनालाई पढाउँछन जबकि मधेश प्रदेशका १ जना शिक्षकले ३८ जना विद्यार्थीलाई पढाउँछन्।

यूनिसेफको आर्थिक सहयोगमा पीपीसीले पहिलो चरणमा संचालन गरेको 'गुणस्तरीय सिकाईका लागि स्थानीयतह तथा विद्यालयहरुको क्षमता अभिबृद्धि कार्यक्रम'मा सहभागी मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री राजकुमार लेखी मधेश प्रदेशमा शिक्षा क्षेत्रमा देखिएको बेतिथीबारे जानकार रहेको प्रतिक्रिया दिएका थिए । उनले हाकाहाकी भनेका थिए- 'शिक्षा क्षेत्र मधेश सरकारको प्राथमिकतामा छैन। भएको भए, चालू आर्थिक वर्षमा शिक्षा क्षेत्रका लागि यतिन्युन बजेट विनियोजन गर्ने थिएन।' मन्त्री लेखीका अनुसार, चालु आर्थिक वर्षमा मधेश प्रदेशले शिक्षा क्षेत्रको लागि ५ प्रतिशतभन्दा पनि थोरै बजेट विनियोजन गरेको छ।

मधेशका शिक्षकहरुले सिंगै नेपालमा शिक्षाको दियो बालेका थिए। नेपालका अधिकांश विद्यालयहरुमा गणित, विज्ञान र अंग्रेजीका शिक्षक मधेशी मूलकै हुन्थे । डाक्टर, इन्जिनियर, न्यायाधीश तथा प्राविधिक फाँटका उपल्ला राष्ट्रसेवकहरु पनि मधेशकै हुने गर्थे, तर यिनै मधेश अचेल शिक्षा र स्वास्थ्यजस्ता सूचकांकमा पछि परेको छ । मुलुकमा संघीयता आउँनु अघिसम्म मधेशका विद्यार्थी, शिक्षक, अभिभावक, राजनीतिकर्मी र संचारकर्मीहरुलाई भन्न सजिलो थियो- 'केन्द्रिय सरकारको उपेक्षाको कारण मधेशको शिक्षा र स्वास्थ्य धाराशायी बनेको छ।'

तर पछिल्ला सात/आठ वर्षदेखि हामी संघीयताको अभ्यास गर्दै छौँ । मुलुकमा तीन तहको सरकार छ। अझ माध्यमिक सम्मको शिक्षा स्थानीय तहकै जिम्मामा छ। र पनि शिक्षा क्षेत्रमा सुधार नआउनु भनेको हाम्रो पनि दोष हो, भन्ने स्वीकार गर्नै पर्दछ । यद्यपि शिक्षा क्षेत्रको सुधार कुनै एक निकायले गरेर हुने होइन, सबैको एकीकृत साथ, सहयोग र सल्लाह चाहिन्छ।

त्यसैले पहिले स्थानीय तहशिक्षा क्षेत्र योजना अर्थात् कअजयर्या भ्मगअबतष्यल क्भअतयच एबिलभ ९क्भ्क्ए० बनाऔं, विद्यालय जाने उमेरका बालबालिकाहरुको तथ्यांक संकलन गरौं, अनि कमी कमजोरीहरुबाट सिक्दै योजनाबद्ध रुपमा गुणस्तरीय शिक्षाको अभियानमा जुटौं।

# धान रोपाइँ नहुँदै गवारो रोग, किसान मर्कामा

**टुडे समाचारदाता**

वीरगञ्ज। धान रोपाईंको दुई साता नवित्दै गवारो रोगले किसान मर्कामा परेका छन् । पर्साका किसानहरुले वर्षेबाली धान रोपाइँ गरेको थियो । तर केही साता नवित्दै गवारो रोगको प्रकोपका कारण स्थानीय किसानहरु अहिले चिन्तित बनेका छन्।

किसानले लगाएको सोना मंसुली, मनी मंसुली, हर्दिनाथ-१, सोना सारो, भदई मंसुली, कतरनी तथा अन्य हाइब्रिड जातका धानबालीको बिरुवामा रोग लाग्न थालेका छन्। बिरुवामा पलाएका नयाँ हाँगाको बीचको टुसा नै सुक्न थालेका जिराभवानी गाउँपालिका वडा नं. २ सेढवाका किसान अमृत चौधरीले जानकारी दिए।



बिरुवाको झिकेर हेर्दा टुसाको तलतर्फ कुहिन थालेको किसान चौधरीले बताए। बिरुवा करिब आधा भाग हाँगाको टुसा नै सुकेर रातो भइरहेको उनले बताए।

बिगतको तुलनामा यस पटक उन्नत जातको बीऊ, किटनाशकयनिक मल तथा समयमै पानी परेकाले राम्रो तरिकाबाटश रोपाई भएपनि यो रोगका कारण किसानहरु चिन्तित छन् । सो रोगमा बालीको बाला निस्किने मुख्य टुसा नै सुक्ने भएपछि बिरुवा बाकी नरहने किसानहरुले गुनासो गरे । यस सम्बन्धमा जिराभवानी गाउँपालिकाका कृषि शाखाका प्राबिधिक क्षत्रबहादुर साहका अनुसार यो रोग गबारो रोग रहेको बताए। रोपाईपछि लामो समयसम्म खेतमा पानीको मात्रा बढि भएकाले यो रोगको प्रकोप बढेको प्राबिधिक साहले बताए।

# चट्याङले पक्की घरमा क्षति

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीमा चट्याङले पक्की घरमा क्षति पुर्याइएको छ।

चट्याङ लागेर हरिवन नगरपालिका-११ स्थित हरिवन बजारमा रहेको कृष्ण बहादुर खड्काको चारतले घरमा चट्याङ लाग्दा सात लाख रुपैयाँभनन्दा बढीको क्षति भएको छ।

बिहीबार मध्यरातमा परेको चट्याङले मिटरबक्स सहित सम्पूर्ण विद्युत वायरिङ सामग्री नष्ट भएको इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ। चट्याङले घरको माथिल्लो तल्लाको



छतमा प्वाल पर्नुका साथै भित्ता र झ्यालमा समेत क्षति पुर्याएको सर्लाही प्रहरीले जनाएको छ।

त्यस्तै हरिवन आसपासका अधिकांश घरहरुमा विद्युतीय सामग्रीमा समेत क्षति पुगेको स्थानीय केशव ढकालले बताए।

# पुरानो गहना बेच्नेको घुइँचो



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको सदरमुकाम वीरगञ्ज बजारमा अहिले पुरानो गहना बेच्नेहरुको घुइँचो नै लागेको छ।

सुनको मूल्य निरन्तर बढ्न थालेपछि नयाँ गहना किन्नेभन्दा पनि पुरानो गहना बेच्नेको घुइँचो लागेको छ।

स्थानीय बजारमा सुनको मूल्य प्रतितोला डेढ लाख रुपैयाँ पुगेकाले पुराना गहना बेच्नेहरुको संख्यामा वृद्धि भएको सुन व्यवसायीले जनाएको छ।

पर्सा सुनचाँदी व्यवसायी संघका अध्यक्ष भुलनप्रसाद सर्राफका अनुसार सुनको मूल्य निरन्तर उकालो लागिरहँदा १० प्रतिशत ग्राहक सुन किन्न आउँछन् भने ९० प्रतिशत ग्राहक बेच्नका लागि नै आउने गरेका छन्। अध्यक्ष सर्राफले सरकारले चालु आर्थिक वर्षको बजेटमा सुनको भन्सार महसुल १५ प्रतिशतबाट बढाएर २० प्रतिशत गरेपछि सुनको मूल्य प्रतितोला छ हजार बढी पर्न गएकाले सोको प्रत्यक्ष प्रभाव सुन व्यवसायमा पर्न गएको बताए।

दुई छिमेकी मुलुक भारतमा प्रतितोला १० हजार र चीनमा २८ हजार नेपाली मूल्यभन्दा कम रहेकाले सुनको अवैध व्यापारले प्रश्रय पाउने सम्भावना उच्च रहेको उनको भनाइ छ।

जय बालाजी ज्वेलर्सका सञ्चालक सञ्जयकुमार सर्राफले व्यापारमा आएको मन्दीका कारण पनि लगनको समयमा नभई नहुनेले तथा धनाढ्य व्यक्तिले मात्र औसत रूपमा सुन किन्न आउने गरेको बताए।

# अतिक्रमणमुक्त बनाउन डोजर चल्यो

**टुडे समाचारदाता**

गौशाला।महोत्तरीकोगौशाला नगरपालिकाले सामुदायिक विद्यालयको जग्गालाई अतिक्रममुक्त बनाउनका लागि डोजर चलाएको छ।

जिल्लाको गौशाला नगरपालिका-७ मनहरवास्थित



राष्ट्रिय जनजाति आधारभूत विद्यालयको जग्गा कब्जा गरी बनाइएका ३ वटा घरमा शुक्रबार डोजर चलाएर अतिक्रमणमुक्त गरिएको छ।

स्थानीय भोला सहनी, विन्दे सहनी र चन्दर सहनीले अवैधानिक रुपमा कब्जा गरेको जग्गा खाली गराउन पटक-पटक निर्देशन र आग्रह गर्दा अटेर गरेपछि बाध्य भएर सुरक्षाकर्मी परिचालन गरिएको नगरपालिकाले जनाएको छ।


वडाध्यक्ष मनोजकुमार चौधरीले आधारभूत विद्यालयका १८ कट्ठा जग्गामध्ये करिब तीन कट्ठामा उनीहरुले आफूखुसी घर बनाएर बसोवास गर्दै आएकोले सो जग्गा खाली गराउन दबाब परेपछि अतिक्रमणमुक्त गरिएको बताए।

नगरपालिकाले २८ लाख रुपैयाँ सहयोगमा अहिले विद्यालयको कम्पाउण्ड लगाउने काम भइरहेको छ। अतिक्रमणका कारण कम्पाउण्डको काम निर्वाधिरुपमा अघि बढ्न सकेको छैन।

चौधरीले भने, "विद्यालय र समाजको आग्रहलाई सुनुवाइ नगरेपछि नगरपालिकाले ३५ दिने र ७ दिने सूचना जारी गरेको थियो, सोको पनि अटेर गरेपछि बाध्य भएर सुरक्षा घेरामा डोजर चलाउनुपरेको छ।"

अतिक्रमित जग्गा खाली गराउन ठुलो संख्यामा सशस्त्र प्रहरी, नेपाल प्रहरी र नगर प्रहरी परिचालन गरिएको थियो। सुरक्षा नेतृत्व गर्नुभएको इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक सूर्य रानले घर गोठ हटाउने क्रममा कुनै प्रकारको अप्रिय घटना नघटेको बताए।

# सहकारी ठगीका आरोपमा जनप्रतिनिधि पक्राउ



**टुडे समाचारदाता**

राजविराज। सहकारी ठगीका आरोपमा एक जनप्रतिनिधिलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ।

जिल्लाको राजविराजस्थित कान्तिपुर बहुउद्देश्यीय सहकारी संस्थाका सचिवसमेत रहेका वडा सदस्य सिद्धार्थ तातेडलाई ठगीको आरोपमा पक्राउ गरिएको सप्तरी प्रहरीले जनाएको छ।

उनी राजविराज नगरपालिका वडा नं ३ का वडा सदस्य हुन्।

कान्तिपुर बहुउद्देश्यीय सहकारीले बचतकर्ताहरूको रकम फिर्ता नगरेपछि ४५ जना वचतकर्ताहरूले जिल्ला प्रहरी कार्यालय सप्तरीमा उजुरी दिएका थिए।

२०८० साउन १९ मै सहकारी ठगीमा मुद्दा दर्ता भएका तातेडलाई एक वर्षपछि सप्तरी प्रहरीले पक्राउ गरेको छ । सो सहकारीको नेतृत्वमा रहेका सातजनालाई प्रतिवादी बनाइ दर्ता गरिएको मुद्दामा सबैजना फरार छन्।

अदालतबाट पक्राउ पूर्जी जारी भएपछि वडा सदस्य तातेडलाई पक्राउ गरिएको र शुक्रबार म्याद थप गराइ अनुसन्धान सुरु थालिएको सप्तरी प्रहरीले जनाएको छ। सो सहकारीले बचतकर्ताको लाखौं रुपैयाँ ठगी गरेको उनीमाथि आरोप छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८